# अध्याय एक (CHAPTER ONE)

## १) परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

व्यक्ति, समाज र राष्ट्रलाई समृद्धतर्फ उन्मुख गराइ वास्तविक सफलताको आभास मानिसमा दिलाउने श्रेय शिक्षाले प्राप्त गरेको हुन्छ । जिवनप्रतिको दृष्टिकोणमा परिवर्तन ल्याइ कर्मशुद्धिबाट सदमार्ग प्राप्त गर्ने माध्यम केवल शिक्षा हो । जुन सुकै देशको विकासको सफलता/असफतला त्यस देशका नागरिकमा निर्भर हुन्छ । नागरिकको शैक्षिक विकासको पुर्वाधार हो । व्यक्तिको सद्चरित्रलाई चरितार्थ गराई प्रगतिपक्षमा अभिप्रेरित गराउने मियो शिक्षा वन्न पुगेको छ । यसर्थ शिक्षालाई मुतल जीवनोपयोगी एवं जीवीकोपार्जनको माध्यम बनाउनुपर्छ । खेर गइरहेको मानविय स्रोत र दुरूपयोग भइरहेको सामाजिक स्रोत साधनलाई कमबद्ध र समावेशीकरणका आधारमा सदुपयोग गराउने राष्ट्रिय शिक्षा प्रणालीको विकास गरी सामाजिक रूपान्तरण गर्ने र आत्मनिर्भरतातर्फ उन्मुख गराउने कार्य शिक्षाले गर्दछ । विज्ञान र प्रविधिको विकासले सिङ्गो संसारलाइ साधुरो बनाइदिएको छ । एउटा कोठामा बसेर संसारका हरेक गतिविधी क्षणभरमा थाहा हुनु भनेको शिक्षाको देन मानिन्छ । त्यसैले भन्न सकिन्छ, शिक्षा नै उन्नती, प्रगति, सुचना, प्रविधि , लगायत हरेक क्षेत्रको परिवर्तनको सम्वाहक हो । (सुबेदी, २०६३)

अनौपचारिक रूपमा मानव जातिको सृष्टिकालदेखि नै शिक्षा लिने दिने प्रक्रियाको थालनी भएको हो । औपचारिक रूपमा भने गुरूकूल शिक्षा प्रणालीबाट शिक्षा लिनेदिने कार्यको थालनी भयो । समयको गतिसँगै शिक्षा विकासमा परिवर्तनका नमुनाहरू अंकुराउन थाले । सिक्ने र सिकाउने परिपाटीलाइ संगठित र व्यवस्थि गर्ने क्रममा विभिन्न संघसंस्थाहरूको गठन हुँदै गयो । सिकाउने व्यक्तिलाइ गुरू र सिक्ने व्यक्तिलाइ शिष्यको रूपमा परिभाषित गर्न थालियो ।

प्राचिन कालमा संस्कृत र बौद्ध शिक्षाको महत्वपूर्ण भूमिका रहेको थियो, गुरूको आश्रममा बसेर, मठ मन्दिर, गुम्बा, विहारमा बसेर लिने गरिन्थ्यो । जिवनका धर्म, कर्म, अर्थ र मोक्ष प्राप्त गर्नु शिक्षाको उद्देश्य हुन्थ्यो । मल्ल कालमा शिक्षा वर्णक्रममा आधारित जातीय परम्परा अनुसार थियो । १०४ वर्ष जहाँनीय राणा शासन शुरूवात हुनु पहिले शासनकालमा अधिकांश समय राज्य एकिकरण र सत्ता प्राप्तीको खिचातानीमा खर्च भएकोले शिक्षामा विकास हुन सकेन । त्यसैले यस समयलाई नेपालको इतिहासमा Period of Negligence of Education'भनिन्छ (अधिकारी, २०६७)।

व्यक्ति र राष्ट्रको विकास गर्ने मूल आधार बनेको शिक्षा ग्रहण गर्ने औपचारिक संस्थाको रूपमा नेपालमा वि.सं १९१० मा दरबार हाइस्कूलको स्थापना भयो । तत्कालीन राणा प्रधानमन्त्री जंगबहादुरको वेलायत भ्रमण पछि अंग्रेजी शिक्षाको आवश्यकता महसुस गरी राणा परिवारको लागि मात्र उक्त विद्यालय स्थापना भएको थियो । सर्वसाधारण जनताहरूको शिक्षा प्रति अनुराग बन्दै गइ विशेष दवाव आउन थालेपछि वि.सं १९४२ मा देव शमसेरले सर्वसाधारणको लागि यो विद्यालय खुल्ला गरेपछि मात्र सर्वसाधारणको औपचारिक शिक्षाको थालनी भयो । वि.सं १९३४ रानीपोखरी पाठशाला स्थापना भयो । १९५८ मा ५० भन्दाबढी प्रारम्भिक भाषा पाठशाला देवशमसेरको पालामा स्थापना गरी जय पृथ्वी बहादुर सिह द्वारा लिखित अक्षराङ्क शिक्षा नामक पाठ्यपूस्तक लागू गरियो । एस.एल.सी परीक्षाको लागि भारतमा जानुपर्ने नेपाली विद्यार्थीको वाध्यतालाइ ध्यानमा राख्दै १९९० मा नेपालमा एस.एल.सी वोर्डको स्थापना भयो । त्यति वेला सम्म नेपालका विद्यालयमा भारतिय पाठ्यक्रम अनुसार पढाइ हुन्थ्यो । शिक्षालाई समयानुकूल र जीवनोपयोगी बनाउदै अगाडी बढ्ने काममा तिव्रता आयो । १९९० मा तयार भएको नेपालको पहिलो पाठ्यक्रममा कूल ८०० पूणाङ्क र ७ वटा विषय थिए । (शर्मा, २०४३)

विद्यालय शिक्षालाइ व्यवस्थित समयानुकूल जिवन उपयोग बनाउँदै अगाडी बढ्ने क्रममा १९९८ मा विद्यालय निरिक्षणको व्यवस्था भयो । यस समयमा नेपालमा राजनैतिक विद्रोह चर्की सकेको थियो । राष्ट्रलाई प्रजातन्त्रको मूल धारमा ल्याउने हेतुले शुरू भएको जनविद्रोहले अन्तिम रूप लियो । वि.सं २००७ सालमा प्रजातन्त्रको उदय भयो । तत्पश्चात समय सापेक्ष शिक्षाको विकास गर्ने लहरमा तिव्रता आयो । भारतिय र अमेरिकी विशेषज्ञको सल्लाह र सुझावमा शिक्षा प्रणली विकास गर्ने प्रक्रिया शुरू भयो । त्यसपछि शिक्षामा सुधार आइ साक्षरता संख्यामा वृद्धि हुनुका साथै रोजगारका अवसर बढाउने प्रयास भयो । तर त्यस वेलाको शिक्षाले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न सकेन र “एकातिरको आँधी अर्को तिरको झोलुङ्गो” बन्न पुग्यो (सुवेदी, २०६२) ।

वि.सं २००९ सालमा नेपाल राष्ट्रिय शिक्षा आयोगको गठन भइ वि.सं २०११ मा प्रतिवेदन पेश भयो । उक्त प्रतिवेदन अनुसार शिक्षामा सबैको पहुच र गुणस्तरिय शिक्षा प्रदान गर्न प्राथमिक र प्रौढ शिक्षालाई निःशुल्क गर्ने, शिक्षा व्यवसायीक हुनुपर्ने , शिक्षकलाई तालिम दिने , शिक्षालाइ विकेन्द्रिकरण गर्ने जस्ता सुझावहरू समावेश गरिएको थियो ।

यसैगरी सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ अनुसार शिक्षालाइ समय सापेक्ष बनाउने देशभर एकै प्रकारको शिक्षालागु गर्नु पर्ने शिक्षा निशूल्क र अनिवार्य हुनुपर्ने, प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिनुपर्ने, गूणस्तरिय शिक्षा प्रदान गर्नु पर्ने जस्ता कुरामा जोड दिएको थियो । वि.सं २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-०३२) गूणात्मक शिक्षाको विकास र विस्तार गर्ने उद्देश्यले दिर्घकालीन योजनाको रूपमा लागू गरियो । पाठ्यक्रम, पाठ्यपुस्तकको विकास व्यवसायीक शिक्षा, विद्यार्थी मूल्याङ्कन प्रणालीको विकास र निरिक्षण प्रणालीको स्थापना गरी देशको शिक्षा पद्धतिमा आमूल परिवर्तन गरी शिक्षाको गूणात्मक विकासमा अहम मूमिका खेलेको पाइन्छ (शर्मा , २०४३) ।

२०४६ पश्चात अथवा प्रजातन्त्रको पु:नस्थापना पश्चात वि.सं २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले प्रजातान्त्रिक परिपाटी अनुसार गूणस्तरीय शिक्षा प्रणालीको विकास गर्ने, प्रा.वि.तहमा मातृभाषामा शिक्षा दिन सकिने, शिक्षक तालिम अनिवार्य प्रा.वि. तहमा महिला शिक्षिकाको व्यवस्था अपाङ्गलाइ निशूल्क शिक्षा प्रदान गर्नुपर्ने, उच्च मा.वि.को स्थापना छात्रवृत्तिको व्यवस्था गरी शिक्षा पद्धतिमा परिवर्तन गर्न जोड दिएको छ । देशको बदलिदो समय र परिस्थिति अनुसार उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ले शिक्षा अझ गूणस्तरिय र सबैको पहुच पुऱ्याउने उद्देश्यले नि:शुल्क, अनिवार्य र मातृभाषामा शिक्षा प्रदान गर्न गूणस्तयिता र सुदृढिकरण, शैक्षिक परियोजनाको सञ्चालन, निरिक्षण, अनुगमन र मूल्याङ्कन पद्धति, पिछडिएका वर्गका लागि शिक्षामा समान अवसर विशेष शिक्षा, अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम, वहु विश्वविद्यालय प्रणाली, विज्ञान तथा प्राविधिक शिक्षा आदिमा जोड दिएको थियो ।

नेपालमा माध्यमिक शिक्षाको सुधारका लागि विभिन्न प्रयासहरू भएका छन् । वि.सं २०३९ साल देखि विज्ञान शिक्षा परियोजना र जनसंख्या शिक्षा परियोजना, वि.सं २०५० साल देखि माध्यमिक शिक्षा विकास परियोजना आ.व.२०५७/२०५८ देखि माध्यमिक शिक्षा विकास केन्द्र र सन २००३ देखि २००७ सम्म माध्यमीक शिक्षा सहयोग कार्यक्रम (Secondary Education Support Program) संचालन भएका थिए । वि.सं २०५९ साल पछि सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्न शुरू गरेपनि विद्यालयहरूको शैक्षिक गूणस्तर र एस.एल.सी परीक्षाको परिणाममा खासै सुधार हुन सकेको छैन ।

नेपालको संविधान २०७२ ले नागरिकको माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने आधारभूत अधिकार प्रत्याभूत गरेको छ । प्रत्येक व्यक्तिलाइ गूणस्तरिय शिक्षाको

अवसर प्रदान गरी मुलुकको आर्थिक एवं सामाजिक रूपान्तरणमा योगदान गर्न सक्ने, विश्वव्यापीकरणको युगमा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र राष्ट्र निमार्णको दायित्वलाइ वहन गर्न सक्ने, देशभक्त नागरिक तयार गर्न सरकार प्रयासरत रहेको छ । सोही अनुरूप विगतका उपलब्धीहरूलाइ सुढृण गर्ने, विविध विधा र तहको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, सहस्राब्दी विकास लक्ष्य लगायत राज्यले राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा व्यक्त गरेको प्रतिवद्धताहरूलाइ पूरा गर्ने, शिक्षालाई जीवनोप्रयोगी, सान्दर्भीक एवं रोजगारमूलक बनाउने र सकारात्मक सामाजिक परिवर्तनको संवाहकका रूपमा विकास गर्नेतर्फ राज्यले विशेष जोड दिनुपर्ने र निरन्तर रूपमा शिक्षा क्षेत्रको विकास र परिवर्तनका लागि राज्यका सवै पक्ष लाग्नु पर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ (राष्ट्रिय योजना आयोग, २०६७) ।

“सबैको लागि शिक्षा”डकार कार्ययोजनाले देशका सरकारहरूलाइ सामाजिक, आर्थिक तथा सास्कृतिक रूपमा सिमान्त तथा अतिपिछडिएका वर्ग तथा समुदायलाइ समावेशी शिक्षा प्रणालीद्धारा आधारभुत सिकाइ अवसरहरू प्रदान गर्न आहवान गरेको धेरै देशहरूले बालबालिका तथा युवाहरूको सिकाइ आवश्यकता पूरागर्न दीर्घकालिन सोच तथा अवसरहरूको विस्तार गरिरहेका छन् । यस अनुरूप शिक्षामा पहुचका लागि विद्यालय शिक्षाको अवरोधलाइ हटाउने विस्तृत नीति गरिए पनि समान्ता मूलक पहुचका चुनौतिहरू अभ्कैपनि विद्यमान देश भित्रका भौगोलिक विवधिता र सिमान्तीकरणका बहुकारक तत्वहरूले महिला, श्रमजिवी बालबालिकहरू आदिवासी, जनजाति अल्पसंख्यक तथा अपाङ्ग लगायत धेरै जसो समूहहरूको आधारभूत सिकाएको प्रतिफल दर (Rate of Return) लाइ सिमित गरेको छ । विभिन्न प्रयासहरूले प्राथमिक शिक्षाको भर्नादरमा उल्लेखनिय विस्तार भए पनि सिकाइ वातावरणको अवस्था गिर्दो रहेको छ । यी चुनौतीहरूलाइ सम्बोधन गर्न विभिन्न देशहरूले अति पिछडिएको समुह तथा सिमान्त समुहको शैक्षिक पहुचका लागि सन् २००० देखि नै चौतर्फी

कार्यक्रमहरू तथा रणनितिहरूको अवलम्बन गर्दै आएका छन् । शिक्षा लोकतन्त्रको साध्य र साधन दुवै हो । यसले मानिसमा लोकतान्त्रिक दृष्टिकोण, मूल्य, मान्यता, व्यवहार र जीवनशैलीको विकास गर्छ । यसर्थ समुदाय शिक्षाको विकास गर्न शिक्षा व्यवस्थाको सामूदायीकरण गर्ने र समावेशी लोकतान्त्रीक आचरण युक्त नागरिक तयार गर्न दुवै पक्षमा ध्यान दिनु आवश्यक छ । समावेशी शिक्षाले सबै नागरिकमा शिक्षाको पहुँच पुऱ्याउने र समावेशी सामाजिक राजनितिक संरचना अनुकूल व्यवहार गर्न सक्ने क्षमताको विकास गर्नु पर्छ । शिक्षाको अधिकारलाई आधारभूत मानव अधिकार र बाल अधिकारका रूपमा लिइएको छ । यो न्यायपूर्ण र कल्याणकारी समाजको निर्माण र दिगो विकास, शान्ति र स्थायित्वको महत्वपूर्ण आधार हो । सबैका लागि शिक्षाको  डकार कार्ययोजनाले समावेशी शिक्षालाइ सिमान्तकृत र समाजको मूल प्रवाह भन्दा बाहिर रहेका समुहका बालबालिकाको समावेशीकरण गर्ने एउटा महत्वपूर्ण रणनितिका रूपमा लिइको छ (सिन्हा, २०६६)।

नेपालको शैक्षिक विकासको सन्दर्भमा सवैका लागि शिक्षा कार्यक्रम अति नै सान्दर्भीक पाइएको छ । यस कार्यक्रमले स्थानिय आवश्यकता र प्राथमिकतालाइ सम्बोधन गरेको छ । खासगरी प्राथमिक शिक्षाको पहुचमा सुधार, न्यायपूर्ण अवसरको उपलब्धता, गूणस्तर र सान्र्दर्भिकताका साथ साथै संस्थागत क्षमता अभिवृद्धि एवम् सक्षमतामा सुधार गर्ने कार्यमा यस कार्यकमले सहयोग पुऱ्याएको देखिन्छ ।

मानव संसाधन विकासको महत्वपुर्ण आधारको रुपमा शैक्षिक विकास रहेको हुन्छ । शिक्षाको विकासवाट सामाजिक, आर्थीक, राजनीतिक, सास्कृतिक विकासका लागि आधार खडा हुन्छ र राष्ट्र शैक्षिक रुपमा समुन्नत हुन्छ, जुन वेला समाजका हरेक वर्ग र उमेर समुहको जनसंख्या साक्षर हन्छ र जिवन उपयोगि गूणस्तरिय शिक्षा प्राप्त गर्न सकिन्छ ।

आफ्नो सामाजिक अवस्था, सांसरिक अवस्थालाई बुझ्न सक्ने सांसारिक प्रतिस्पर्धामा खट्न सक्ने र मानविय क्षमता प्रर्दशन गर्न सक्ने तथा सांसारिक परिवेशमा समायोजन जीवन यापन गर्न सक्ने सिप प्रदान गर्ने शिक्षा जसले वैयक्तिक गूणस्तर र समाजिक गुणरुतर शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु आजको शैक्षिक चुनौति हो । यी चुनौतीहरु पूरा गर्न हाम्रो प्रयासहरु निरन्तर अगाडि बढ्नु जरुरी छ ।

## १.२. समस्याको कथन (Statement of the problem)

व्यक्ति, समाज र राष्ट्रको सर्वाङ्गण विकासका लगि गुणस्तरीय शिक्षाका भुमिका अह्म रहेको छ । त्यसैले विद्यार्थीमा, असल ज्ञान सीपको विकास गराइ आफ्नो कर्तब्यबाट विचलित नभई समाज तथा राष्ट्रप्रति उत्तरदायी बन्न अग्रसर गराउन शिक्षा नै आजको आवश्यकता हो जसलाई हामि गूणस्तरीय शिक्षाको रुपमा पनि लिन सक्दछौ । विषयप्रतिको गहिराइ, व्यवहरिक ज्ञानको अभिवृद्धि, सच्चरित्रको निर्माण सभ्य समाजिक अवधारणाको विकास रोजगारीको अवसर आदि जस्ता अत्यावश्यक तत्वहरु गुणस्तरीय शिक्षामा समेटिएका हुन्छन् । नेपाली माटो सुहाउदो ; समयले माग गरे अनुसारको शिक्षा प्रदन गरी देशमा आवश्यक दक्ष जनशंक्ति उत्पादन गर्न सक्ने तथा देशमा उत्पन्न अत्याधिक परनिर्भरता अन्त्य गर्न सक्ने शिक्षा आजको आवश्यकता भएको छ । सिकारुमा अन्तरनिहित प्रतिभा उजागर गर्न जुन क्षेत्रमा जस्तो जनशक्ति आवश्क र उपयुक्त हुन्छ, सो तयार पारि राष्ट्रको कुनाकन्दरामा विकासको लहर ल्याउन सक्ने शिक्षा आवश्यक परेको छ ।

कुनै पनि शिक्षण संस्थाले प्रदान गरेको शिक्षा कतिको स्तरिय छ भन्ने कुराको मापन विद्यार्थीहरुको उत्तिण प्रतिशत, शिक्षार्थीको विषयवस्तु प्रति रहेको रुची प्राप्त ज्ञान प्रति आत्मविश्वास तथा वाह्य वजारमा तिनीहरुको माग र खपतमा भर पर्दछ । नेपालमा हालसम्म कूल प्राथमिक विद्यालय २९२२०, निम्न माध्यमिक

विद्यालय ९७३९, माध्यामिक विद्यालय ५८९८ र १९७६ उच्च माध्यामिक विद्यायलहरु रहेका छन् । राष्ट्रले पनि शैक्षिक लगानि कूल वजेटको करिब १७ प्रतिशत लगानि गरिरहेको छ । तर लगानी अनुपातमा शिक्षाको गुणस्तरमा सुधार हुन सकेको छैन । (आर्थिक सर्वेक्षण, २०६७/०६८)

सामुदायिक विद्यालयहरु हरेक वर्ष विभिन्न शिर्षकमा वित्तिय आम्दानि प्राप्त भइरहेका हुन्छ । प्राप्त वित्तिय स्रोतहरु सबै विद्यालयमा समान हुदैन, यसैले प्रति विद्यार्थी लागतमा एकरुपता ल्याउन नसक्दा शिक्षाको गूणस्तरमा समस्या सृजना भएको छ । यसकारण सामुदायिक माध्यमिक विद्यालय आयका स्रोतहरु र प्रतिविद्यार्थी लागत मापन अध्ययनमा निम्न समस्याहरु लिपिबद्ध गर्ने काम गरिएको छ ।

- के सामुदायीक विद्यालयहरुमा आयका स्रोतहरु प्रयाप्त छन् ।
- के समुदायीक विद्यालयहरुमा आय स्रोतहरु समान छन् ।
- सबै खालको भौगोलीक वनावट भएका स्थानहरुमा विद्यार्थीहरुलाई शैक्षिकगुणस्तर कायम राख्न विभिन्न स्रोतवाट प्राप्त आय पर्याप्त छ?
- के विद्यालयमा प्राप्त लगानिले विद्यार्थीलाई आकर्षण गर्न सकेको छ ?
- के यसले अपेक्षि उपलब्धी प्राप्त गर्न सफलता हासिल गरेको छ ?
- के दुर्गम, पिछडिएको क्षेत्र, जातितथा विपन्न वर्गका लागि सामुदायिक विद्यालयको पहुच छ?
- किन एस.एल.सी. परिक्षामा सामुदायीक विद्यालयमा लगानि अनुरुपको प्राप्त हुदैन ?

उपरोक्त समस्याहरु शैक्षिक संस्थाहरु नभई नहुने पाटाहरु भएकाले यस्ता समस्याहरु समाधान गरी शैक्षिक प्रगतिलाइ सहि रुपमा परिचालन गर्न सके शैक्षिक गुणस्तर वृद्धि गर्न सकिने हुनाले समस्या समाधान गर्ने तर्फ केन्द्रित भएर अनुसन्धान अगाडी बढेको छ ।

## १.३. अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अनुसन्धानको साधारण उद्देश्य सामुदायीक माध्यामिक विद्यालयका आयका स्रोतहरुको पहिचान तथा प्रतिब्यक्ति लागत एकाईको विश्लेषण गर्नु रहेको छ । यस अनुसन्धानका बिशिष्ट उद्देश्यहरु यस प्रकार छन।

- सामुदायिक माध्यमिक बिद्यालयका आयका स्रोतहरु पत्ता लगाउने ।
- प्रति बिद्यार्थी लागतको मापन गर्ने।
- लागतलेशैक्षिक क्षेत्रमा परेको प्रभाबको बिश्लेषण गर्ने।

माथि उल्लेखित उद्देश्यहरुका आधारमा तथ्याङ्कहरुको विश्लेषण गरि त्यसबाट प्राप्त नतिजाको आधारमा सामुदायिक बिद्यालयहरुलाई उपयोगि हुने समाधानका उपाय र सुझाबहरु प्रस्तुत गर्नु यस अनुसन्धानको उद्देश्य हुनेछ।

## १.४ अध्ययनको महत्व (Significance of the Study)

मानिसको ज्ञान, सिप, क्षमता, दक्षता आदि बढाउने माध्यम भनेको शिक्षा हो । यसमा गरिएको लगानीलाई  मानविय बिकासको लगानी भनिन्छ । यसको प्रतिफल दिर्धकालिन हुन्छ। यसलाई सार्थक बनाउन कार्यान्वयन पक्षलाई सबल तुल्याउनु पर्ने आबश्यकता हुन्छ । यसैसग संम्बन्धित एउटा उखान छ “एक बर्ष लागि धान रोप, एक दशकका लागि रुख रोप र एक शताब्दिका लागि हो भने जनतालाई शिक्षित गर” । बिभिन्न राष्ट्रको शिक्षा प्रणालि र बिश्व भरि नै भईरहेको राजनैतिक परिवर्तनका घटनाक्रमलाई हेर्दा अधिकांश परिबर्तनका आन्दोलन शिक्षा प्रणाली र त्यस परिवर्तन संग जोडिएको पाईन्छ । अहिलेको विश्व नयाँनयाँ ज्ञान, बिज्ञान र प्रबिधिको खोजिमा छ । बिभिन्न देशले आफनो राष्ट्रको शिक्षा संरचनामा पनि यसै अनुरुपको बनाएका छन। यसबाट आर्थिक उपलब्धिमा ठुलो फड्को मारेको छ । शिक्षा र राष्ट्रको बिकासलाई एकआपसमा अन्तर सम्बन्धित गराएर अगाडी बढने हो भने शिक्षालाई ब्यबहारिक, बैज्ञानिक,

सिपमुलक र जनमुखि बनाउनु पर्छ भन्ने मान्यता विश्वब्यापि रुपमा स्थापित भएको छ । यस अर्न्तगत राष्ट्रको आवश्यकता अनुरुप राष्ट्रको मौलिक पक्षलाई सम्बोधन गर्न सक्ने श्रम सिप र ब्यबहार संग जोडिएको शिक्षाको महत्व बढनुका साथै यसमा ब्यबहारीक प्रयोग भईरहेकोछ । यसका अलावा शिक्षा जनताका चाहना आवश्यकता र समय सापेक्षता अनुरुप हुनु पर्छ भन्ने कुरा विश्व भरि नै उठिरहेको छ । (सुबेदी, २०६८)

वर्तमान संर्न्दभलाई ध्यानमा राखेर कुनै पनि देशको समसामयिक परिस्थितिलाई हेरेर शिक्षाको निति तय गरिन्छ । यसै अनुसार सामुदायिक बिद्यालयको आर्थिक र शैक्षिक उपलब्धीलाई तय गरिएको छ। नेपालको संर्न्दभमा ज्ञान, बिज्ञान, प्रबिधि, दक्षता र सिपको आदान प्रदान गर्ने माध्यम बिद्यालय शिक्षा हो । शिक्षाले राष्ट्रमा बैचारिक क्षमता तथा कार्यकौशलताको बिकाश गर्न जिवनमा हरेक पक्षका मुल्यमान्यताहरुमा परिवर्तन ल्याउन सक्ने हुनु पर्छ । शैक्षिक क्षेत्रमा गरिएको लगानीलाई दुरगामि सोच तथा अपेक्षित उपलब्धि प्राप्त हुने निति तथा योजना तर्जुमा गरिनुपर्छ ।

नेपालको सबैको लागी शिक्षा संम्बन्धि सन १९९० को जोम्टीन घोषणापत्र, २००० मा संयुक्त राष्ट्रसंधबाट निर्धारित सहश्राब्दी बिकाश लक्ष्य र सेनेगलको डकारमा भएको सबैको लागि शिक्षा सम्बन्धि डकार कार्यढाचामा हस्ताक्षर गरेको छ । यति हुदाहुदै पनि प्राथमिक बिद्यालय जाने उमेरका ११ प्रतिशत बालबालिका र निम्न माध्यमिक बिद्यालय जाने उमेरका ४८ प्रतिशत बालबालिका अझै बिद्यालय आउन सकेका छैनन । तह र कक्षा कोठाको पढाई पुरा नगरे बिचैमा पढाई छाडने बिद्यार्थीको संख्या पनि कमि छैन। नेपालको संबिधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क भन्दै मौलिक हकको रुपमा राखेको छाछनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुका अभिभावकहरुले गरेको विद्यालय सरकारले बार्षिक अर्बौ रकम शिक्षा क्षेत्रमा खर्च

गरेको छ भने दाताहरुबाट पनि उत्तिकै सहयोग यहि क्षेत्रमा भएको छ। तर त्यो लगानीको उपलब्धि आशातित छैन । सरकारले प्रति बिद्यार्थी रु ७००० माध्यमिक तहमा लगानि गरेको छ भने र रु ५००० प्राथमिक तहमा, तर उपलब्धि न्युन छ । (लम्साल, २०६७)

के सामुदायिक बिद्यालयमा प्रयाप्त लगानी नभएरै हो त ? शैक्षिक अबस्थामा अपेक्षित उपलब्धि हासिल नभएको यि र यस्तै अन्य उपयोगि पक्ष संग केन्द्रित भई अनुसन्धानको कममा देखा परेका समस्या समाधानमा उचित मार्ग प्रसस्त गर्न यस अनुसन्धानको महत्व रहेको छ ।

## १.५ अध्ययनको सिमा (Limitation of the Study)

प्रस्तुत अध्ययनलाई सहज प्रभाबकारी बनाउन यर्थाथपरक उपयोगि बनाउन तथ्य समय अर्थ लगाएतका सिमितताको कारण निश्चित सिमा भित्र बाधिएको छ। यस अध्ययनलाई निम्न अनुसार सिमाबद्ध गरिएको छ।

- पश्चिमाञ्चल विकाश क्षेत्रको गण्डकी अञ्चल कास्की जिल्लाको ढिकुरपोखरी गाँउ विकास समिति अर्न्तगतका उद्देश्यमुलक ढंगबाट छनौट गरिएका तीन वटा सामुदायिक बिद्यालयहरुमा मात्र यो अध्ययन सिमित रहेको छ ।
- यो अनुसन्धानमा सामुदायिक माध्यमिक बिद्यालयका माध्यमिक तह (कक्षा ९ र १०) लाई मुख्य अध्ययनको केन्द्रको रुपमा लिईएको छ ।
- यो अनुसन्धान निर्धारित विद्यालयको आर्थिक अवस्था र शैक्षिक उपलब्धि सम्बन्धित क्षेत्रमा उपलब्ध प्राथमिक र द्धितिय स्रोतबाट प्राप्त तथ्याङ्क संग केन्द्रित छ ।
- यस अनुसन्धानमा शैक्षिक उपलब्धिको विश्लेषण माध्यमिक तहको कक्षा १० को प्रवेशिका परीक्षा (S.L.C) संग सम्बन्धित छ ।

- ➢ यस अनुसन्धानमा आर्थिक पक्षको विश्लेषण सामुदायिक विद्यालयको भौतिक संरचना, विद्यालयको बार्षिक आम्दानि तथा खर्च, सरकारी अनुदान तथा विद्यार्थी अभिभावकबाट गरिने खर्च, प्रति विद्यार्थी लागत र उपलब्धि अनुपातका आधारमा गरिएको छ ।
- ➢ यस अनुसन्धानमा छनौटमा परेका विद्यालयको शैक्षिक सत्र २०६८/०६९, २०६९/०७० र २०७०/०७१ को तथ्याङ्कलाई समावेश गरिएको छ ।

## १.६ अध्ययनको संगठन (organization of the Study)

यस अनुसन्धानमा पाच वटा अध्याय समावेश गरिएको छ। जसमा अध्याय एकमा अध्ययनको परिचय उल्लेख गरिएको छ । दोस्रो अध्यायमा सम्बिन्धित साहित्यको समिक्षा प्रस्तुत गरिएको छ । त्यसैगरि अनुसन्धान विधिलाई तेस्रो अध्यायमा समावेश गरिएको छ  भने तथ्याङ्कको ब्याख्या र विश्लेषणलाई चौथो अध्यायमा राखिएको छ । पाँचौ अध्यायमा सारांश, निश्कर्ष तथा सुझाबहरु प्रस्तुत गरिएको छ ।

# अध्याय- दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको समिक्षा (Review of Related Literature)

नेपालमा सामुदायिक विद्यालयको आयका स्रोतहरु प्रति विद्यार्थी लागत र शैक्षिक उपलब्धि सम्बन्धि अध्ययन तथा अनुसन्धान गरिएका लेख, रचना, प्रतिवेदनका नतिजाहरु, पत्रपत्रिकामा प्रकाशित लेखहरु लगायत जानकारीमा भएका अन्य अध्ययन सामाग्रीहरु जसले विद्यालयका लगानी र प्रति विद्यार्थी लागत बारेमा प्राप्त गरिएका साहित्यको समिक्षा अनुसन्धान प्रस्तावनाको यस अध्यायमा गरिएको छ ।

## २.१ सैद्दान्तिक साहित्यको पुनरावलोकन (Review ofTheoretical Literature)

शर्मा (२०६४) का अनुसार समाज परिवर्तनको महत्वपुर्ण तत्वको रुपमा शिक्षालाई लिईन्छ । समाजका सम्पुर्ण पक्षहरुमा पर्ने समस्यको प्रमुख कारण आर्थिक हो भन्ने सिद्धान्त मार्क्सबादबाट प्रेरित भएको छ। यस सिद्धान्त अनुसार सामाजिक परिवर्तनको कारक तत्व आर्थिक पक्ष हो, जसमा आर्थिक उत्पादन र वितरण प्रणालीले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । मार्क्सबादी सिद्धान्तका आधारमा हेर्दा समाजको आर्थिक वितरण प्रणाली शिक्षा क्षेत्रमा न्यायपुर्ण आधारमा नहुदा शिक्षाको आर्थिक समस्या सृजना हुन पुग्दछ । उन्नाईसौ शताब्दिको मध्य तिर भएको प्रबिधिको विकासले तत्कालिन सामाजिक जीवनमा परेको प्रभावका बारेमा मार्क्सले उल्लेख गरेका छन् । जुन बेला औद्योगिक क्रान्तिले समाजका प्रत्यक क्षेत्रमा उत्पादन बढाउन कुशल प्रविधिको प्रयोग र विकाश गरिएको थियो । पुजिबादी उत्पादनको प्रबिधिको प्रयोग र विकाश गरिएको थियो। पुजिबादी उत्पादनको प्रतिस्पर्धाले पुजिपतिले अरु बढी कुशल प्रविधिको विकास गर्न थाले। यसमा कमाउने प्रवृतिको तिव्र रुपमा बढेर गयो । यस मुनाफाको प्रकृयाले शिक्षा क्षेत्रको लगानीमा कमजोर स्थिति ल्यायो। फलस्वरुप शिक्षामा आर्थिक समस्याहरु देखा प-यो ।

लम्सालका (२०६७) काअनुसार शिंक्षामा गरिने लगानीबाट पुजी निमार्ण हुन्छ । उदाहरणको लागी यस लगानीबाट ब्यक्ति शिक्षित बन्नु, नागरिक साक्षर हुनु पाठयकम तयार हुनु ब्यक्तिले तालिम प्राप्त गर्नु, बिद्यालय भवन निमार्ण हुनु आदि जस्ता सबै कार्यहरु पुजी निमार्णसंग सम्बन्धित छन् । यसरी निमार्ण भएको पुजी समयका आधारमा अल्पकालिन र दिर्घकालिन प्रकृतिको हुन्छ भने प्राप्तिका आधारमा प्रतिफल (Out Put)र उपलब्धि (Out Come) दिने खालको हुन्छ । शिक्षामा गरिने लगानीका प्रतिफल छोटो समयमा प्राप्त हुन्छ भने उपलब्धि लिन समय लाग्दछ । यस क्षेत्रमा हुने लगानीबाट प्रतिफल र उपलब्धि दुबै प्राप्त हुने भएता पनि शिक्षामा गरिने लगानी अल्पकालिन भन्दा दिर्धकालिन लगानीको रुपमा हेर्ने गरिन्छ । यहि प्रतिफल र उपलब्धिका आकलनको सहयोगबाट शिक्षामा गरिएको लगानीलाई पुष्टि गर्ने प्रयास भएको देखिन्छ। यहि लगानीबाट मुलुकले लिएका शैक्षिक उद्देश्य हासिल हुन्छ, मुलुकको शैक्षिक विकास हुन्छ, समग्रमा भन्नु पर्दा मुलुकको विकास हुन्छ । त्यसैले शिक्षामा गरिएको लगानी र खर्च विकासका सुचकहरु पनि हुन्छ ।

नेपाल (२०६४) का अनुसार शिक्षा क्षेत्रमा लगानीका क्षेत्र भन्नाले शिक्षक, तलब भत्ता, अन्य सुबिधा विद्यालय भवन, शैक्षिक सामाग्री, औजार र उपकरणहरु, बिद्यार्थीलाई खाना, खाजा र छात्राबास वा पानी आदिको खर्च र बिद्यालयको प्रशासनिक खर्च समेतका खर्चहरु प्राप्त हुने स्रोतहरुको रुपमा अभिबावक, केन्द्रिय सरकार, स्थानिय समुदाय, दातृ निकाय, गैर सरकारी क्षेत्र र बिद्यार्थी स्वयंबाट हुने लगानी र संस्थाको वा विद्यालयको आफनो सम्पति र बिशेषज्ञता परिचालन गरि प्राप्त हुने आय, बैक मौज्दात लाई लिन सकिन्छ ।

बराल (२०६६) का अनुसार बिद्यार्थी संख्यालाई आधार मानी प्रति बिद्यार्थी लागत निकाली सोहि लागत दरका आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराउने प्रणलिलाई प्रति बिद्यार्थि एकाई लागतका आधारमा अनुदान ब्यबस्था गरिन्छ । सबैका लागि शिक्षा भन्ने नारालाई सफल बनाउन बिद्यालयमा अध्ययनरत सबै

बालबालिकालाई  समान रुपमा सिक्न पाउने अबस्था सुनिश्चित गर्न अनिवार्य छ । यसलाई मुर्तरुप लिन बिद्यालयलाई दिने अनुदान त्यस बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थीको संख्यमा आधारित हुनुपर्दछ भन्ने मान्यताले आज विश्वब्यापि आकार ग्रहण गर्दै गएको छ । किनकी बिद्यालयका याबत भौतिक तथा मानविय स्रोत त्यस बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थीहरुका लागि हो । धेरै बिद्यार्थीका लागि धेरै र थोरै बिद्यार्थीका लागि थोरै स्रोतको आबश्यकता पर्दछ। यसैमा आधारित भएर स्रोतको ब्यबस्थापन गर्न सके मात्र पारदर्शि र सामाजिक न्याय कायम हुन सक्ने र लागत प्रतिफल पनि राम्रो हुन्छ। यसबाट स्रोतको अनाबश्यक दुरुपयोग हुनबाट समेत रोक्न सकिन्छ ।

एडम स्मिथ (१७७६) का अनुसार शिक्षा एक प्रकारको पुजि हो जस्ले आर्जित ज्ञान र सिपलाई समाबेस गर्दछ । शिक्षा असल शासन, आर्थिक क्रियाकलाप र प्रगतिको आधार हो। उनको समयका स्कटल्यान्ड बासिहरु राष्ट्रिय शिक्षा प्रणालीका  कारण भाग्यशालि थिए र उनिहरुमा राम्रो बानी  र उच्च बौद्धिक स्तर थियो भन्ने कुरा उल्लेख गरेका छन् । उनले शिक्षाको गुणस्तर बृद्धि गर्न जस्को जिम्मामा ति कुराहरु सुम्पिएको छ, उनिहरुको अज्ञानता र अनुभबहिनताबाट बाबुआमाको खर्च र बालकको समय तथा प्रतिभा खेर नजाओउस भनेर बिनम्रता पुर्बक अनुरोध गरेका छन् । उनका अनुसार गरिबहरुलाई शिक्षा प्रदान गर्न सार्बजनिक खर्चमा बृद्धि गरिनुपर्दछ ।

जे एस मिलका अनुसार शिक्षा ति चिजहरु मध्यकै एक चिज हो, जुन सरकारले जनतालाई उपलब्ध गराउनु पर्छ भनेका छन् । उनको बिचारमा एउटा सरकारको काम शासन गर्नु मात्र नभएर जनतालाई राम्रो शिक्षा पैदान गर्नु पनि हो।  जे एस मिल सबैका लागि प्राथमिक शिक्षा तिक्ष्ण बुद्धि हुनेहरुका लागि उच्च शिक्षाका पक्षमा थिए । उनले सरकार र शैक्षिक निकायहरुबाट गरिब बाबु आमालाई सहयोग हुने आशा गरेका छन् ।

अलफ्रेड मार्शलले शिक्षालाई लगानीका रुपमा ब्याख्या गरेका छन् । उनि श्रमिक बर्गका लागि शिक्षा र प्राबिधिक शिक्षाका पक्षपाति थिए। उनले बिशेष रुपले महिला माथि बालबच्चाको वातावरण र बौद्धिक स्तर उकास्न परेको पारिवारिक प्रभाब औल्याए। त्यसैले मार्शलले महिला बर्ग शिक्षित हुनु पर्ने आबश्यकता औल्याउदै महिला शिक्षा माथि जोड दिएका थिए ।

लम्साल (२०६६) का अनुसार बालबालिकाहरुको आधारभुत तह सम्मका शिक्षाको लागि राज्यलाई जिम्मेबार निकाय मानियता पनि शिक्षामा भएको खर्चको हिसाबले राज्य आभिभाबक र दातृ निकाय गरि तीन वटा स्रोत संम्लग्न भएको पाईन्छ । यि तीन वटा निकाय मध्य राज्य सबै भन्दा ठुलो लगानीकर्ताको रुपमा रहेको हुन्छ। यसका साथै अभिभावक तथा घरपरिबार र दातृ निकायहरुबाट पनि बालबालिकाहरुका शिक्षाको लागि उल्लेख्य मात्रामा स्रोत उपलब्ध भईरहेको हुन्छ ।

शिक्षा क्षेत्रमा लगानी गरि सके पछि लगानि अनुरुपको आर्थिक मुल्य हेर्ने गरिन्छ । श्रमिकको उत्पादकत्व, पेशागत गतिशिलता र आयको वितरणमा पारेको शैक्षिक प्रभाब जस्ता पक्षको गहिरो बिश्लेषण गरि आर्थिक मुल्य हासिल गर्ने उद्देश्यबाट शिक्षा क्षेत्रमा लगानी गरिएमा शिक्षाको प्रतिफल बढि हुन सक्दछ। कुनै पनि शैक्षिक संस्थाबाट प्राप्त गरेको शिक्षाको सहायताले उक्त ब्यक्तिको उत्पादकत्वमा कति बृद्धि भएको छ ? उस्को आम्दानी सृजनागर्न क्षमतामा कति बृद्धि हुन सकेको छ? भन्ने कुराहरु शैक्षिक मुल्य हो । शिक्षा प्राप्त गरको एउटा शिक्षित श्रमिकको उत्पादन क्षमता उच्च हुन्छ भने उसको शिक्षा प्रतिको दृष्टिकोण पनि सकारात्मक हुन्छ र त्यो शिक्षा प्रति सबै सिकारुहरु आकर्षित भएका छन । त्यसै गरि पेशागत गतिशिलतालाई शिक्षाले खेलेको भुमिकालाई पनि शिक्षाको आर्थिक मुल्यका रुपमा हेरिन्छ । किनकी उच्च शिक्षा हाशिल गरेको ब्यक्तिले जहासुकै गएर जुनसुकै पेशामा पनि कुशलता पुर्वककार्य गर्न सक्दछ। त्यस्तै गरेर शिक्षाले

आयआर्जनको क्षेत्रबिस्तार गर्नु  पर्दछ। एउटा उच्च शिक्षा हासिल गरको ब्यक्तिको आय बृद्धि हुन सकेको खण्डमा शिक्षा प्रतिको दृष्टिकोण राम्रो हुन्छ ।

शर्मा (२०६४) को लेख अनुसार शिक्षामा लगानी भन्नाले बिभिन्न स्थानबाट स्रोत जुटाई शैक्षिक लक्ष्य प्राप्त गर्न सकिने योजनाबद्द खर्च भन्ने बुझिन्छ। दोस्रो विश्वयुद्द पछि विभिन्न देशले योजनाबद्द रुपमा शिक्षामा लगानी गरी देश विकास गरेको पाईन्छ । नेपालमा पनि बिद्यमान स्रोतको दक्षता विकाश गर्न योजनाबद्द शैक्षिक लगानी गर्ने परिपाटि छ । शिक्षामा गरिएको लगानीलाई मानब संशाधन विकासका निम्ति दिर्घकालिन लगानीका रुपमा लिईन्छ । शिक्षामा लगानी सार्बजनिक लाभको सिद्दान्तका आधारमा गरिन्छ। शैक्षिक क्षमताको अभिवृद्धिमा बित्तिय पक्ष महत्वपुर्ण भुमिका खेल्दछ ।

## २.२ पुर्व अध्ययनको पुनरावलोकन(Review of PriviousStudy)

प्रधान (२००६) ले गरको एक अध्ययन अनुसार शैक्षिक खर्च र शैक्षिक उपलब्धि बिच प्रत्यक्ष आनुपातिक संम्बन्ध रहेको हुन्छ। शैक्षिक खर्चको बृद्धि हुदा शैक्षिक उपलब्धिमा पनि बृद्धि हुन्छ । उक्त अध्ययन पछि निर्ष्कषमा अनुसन्धानकर्ताको शैक्षिक उपलब्धिमा पार्ने मुख्य  तत्व शिक्षामा  गर्ने बित्तिय खर्च हो। जति बढि शिक्षा क्षेत्रमा लगानी गरियो त्यसको अनुपातमा  शैक्षिक उपलब्धि बढाउन सकिन्छ र शैक्षिक उपलब्धिमा अभिभावक र बिद्यार्थीको पनि भुमिका रहन्छ भन्ने कुरा निष्कर्ष निकालेको पाईन्छ ।

शिवाकोटि (२००४) का अनुसार सरकारी माध्यमिक बिद्यालयको आम्दानीको स्रोतहरुमा ६३.४ प्रतिशत सरकारी अनुदानबाट २८ प्रतिशत, अभिभाबकबाट ७.५ प्रतिशत बिद्यालयको आफनै आम्दानी स्रोत मात्र प्राप्त भएको देखिन्छ ।

त्यसैगरि उक्त अध्ययनबाट सरकारी माध्यमिक विद्यालयको  सरकारी अनुदान रकममा शिक्षक तलबका लागी नै ठुलो निकाशा हुने र शैक्षिक गुणस्तर तथा स्टेसनरी तर्फ निकै थोरै अनुदान प्राप्त हुने भएकोले बिद्यालयमा शैक्षिक

सामाग्रीको अभाब हुने स्थिति देखिएको छ । त्यसै गरि उक्त अध्ययनमा अनुसन्धानकर्ताले अभिभावकबाट गरिने बार्षिक लागत विद्यालयको शुल्कसंग सम्बन्धित र असम्बन्धित दुबै खर्चको आधारमा सरकारी बिद्यालयमा प्रति बर्ष प्रति बिद्यार्थी औसत रु ६४६० र निजि बिद्यालयमा प्रति बर्ष प्रति बिद्यार्थी औसत रु २०४६० लागेको देखाएका छन । त्यसै गरि सरकारी बिद्यालयले शुल्क र अन्य शैक्षिक लागतका लागि गरिब बिद्यार्थीहरुलाई छात्रबृति दिने गरको पाईन्छ । सरकारी बिद्यालयले शिक्षक तलबमा ठुलो रकम खर्च गरेर शैक्षिक गुणस्तर बृद्दिका लागि थोरै मात्र रकम खर्च गरेको पाईएको छ । यसका लागि सरकारी अनुदानमा मात्र भर नपरी अन्य स्रोतहरुको खोजि गरि शैक्षिक गुणस्तर सुधारमा लाग्नु पर्ने देखिन्छ ।

काफ्ले (२०५६) का अनुसार सार्बजनिक विद्यालयमा भौतिक अवस्था राम्रो र तालिम प्राप्त शिक्षकको ब्यबस्था हुदा हुदै पनि प्रति बिद्यार्थी खर्च बढी र उपलब्धि कम देखिन्छ। यसकारण सामुदायिक विद्यालयको भएको शैक्षिक क्षति रोक्न ब्यबस्थित प्रणलिको बिकास गर्नु पर्ने देखिन्छ । यदि सार्बजनिक बिद्यालयहरुको आन्तरिक सक्षमता नबढाउने हो वा बढाउन नसकिने हो भने सरकारले माध्यमिक शिक्षामा गरको खर्च प्रति न्याय भयो भन्न सकिदैन र खर्चमा कटौति गर्नु पर्ने हुन्छ । कक्षा ६ का बिद्यार्थी समुहको आधारमा प्रति बिद्यार्थी एस एल सि पास गर्न लाग्ने खर्च २.३ गुणाले सार्बजनिक विद्यालयको तुलनामा बढि हुनु सरकारका निम्ति एक चुनौति हो । यस संम्बन्धमा सरकारले अत्यन्तै संबेदनशिल भै नया निति तर्जुमा गरि सार्बजनिक बिद्यालयहरुलाई आफनो उत्तरदायित्व र जिम्मेवारी पुरा गराउन कदम चाल्नेतर्फ कत्ति पनि बिलम्ब गर्न नहुने मान्यता प्रस्तुत गरिएको छ ।

माथेमा र बिष्ट (२००५) एस. एल. सि.मा बिधार्थी उपलब्धि सम्बन्धी अध्ययन प्रतिवेदनको निष्कर्ष तथा सुझाब्र प्रस्तुत गर्ने कममा बिद्यालयको प्रभाबकारीता उक्त बिद्यालयले गर्ने खर्चमा निर्भर रहने कुरा बताएका छन । उक्त अध्ययन

अनुसार बिकाशोन्मुख मुलुकहरुमा गरिएको बिद्यालयको प्रभाबकारीता सम्बन्धी अध्ययनले देखाए जस्तै यस अध्ययनले पनि प्रति बिद्यार्थी खर्च र बिद्यालयको क्षमता प्रर्दश्नका बिच बलियो सम्बन्ध रहेको देखाएको छ । प्रति बिद्यार्थी बढि खर्च गर्ने बिद्यालयले खर्च कम गर्ने अरु बिद्यालयका तुलनामा एस. एल . सि. मा निकै राम्रो उपलब्धि प्राप्त गरेको देखाएको छ । नेपालमा बिभिन्न प्रकृतिका बिद्यालयहरु बिचमा प्रति बिद्यार्थी खर्चमा एकरुपता रहेको पाईदैन । यस्तो खर्चमा सार्बजनिक र निजि बिद्यालयहरुमा निकै अन्तर रहेको छ र यस अध्ययनले प्रभाबकारी र अप्रभाबकारी बिद्यालयमा हुने प्रति बिद्यार्थी खर्चमा ठुलो अन्तर रहेको देखाएको छ। प्रभाबकारी बिद्यालयले प्रति बिद्यार्थी खर्च बढि गर्दछन भन्ने कुरा पाईएको छ। त्यसै गरि प्रति बिद्यार्थी खर्च बिद्यालय रहेको क्षेत्र (गाउ वा शहर) तथा लगानीको स्रोत (सरकारी लगानी वा समुदायको लगानी) का आधारमा पनि भिन्न भिन्न हुने गरेको छ। प्राथमिक तहमा जस्तो माध्यमिक तहमा सरकारले पुर्ण आर्थिक भार बहन गरेको छैन भन्ने कुराको निष्कर्ष निकालिएको छ ।

मल्ल (२०६५) का अनुसार राष्ट्रले धेरै बर्ष अगाडी प्रत्येक बालबालिकालाई शिक्षाको समान अबसर प्रदान गर्ने प्रतिज्ञा गरेको भएतापनि अझ हाम्रो देशमा सम्पन्न परिबारका बालबालिकाले स्तरिय शिक्षा पाई रहेका छन । धनि सम्पन्न परिबारले रमाई रमाई बिद्यालय आउने ज्ञानबर्द्दक खेल खेल्न पाउने, नया ब्यबहारिक अनुभबहरु प्राप्त गर्न पाउने, स्तरिय शैक्षिक बाताबरण भएका शहरका स्तरिय बिद्यालयहरुमा अध्ययन गर्न पठाउने गर्दछन भने खास गरेर ग्रामिण क्षेत्रमा शिक्षा बिकासको गति ज्यादै सुस्त भएको र त्यहाको शैक्षिक बाताबरण पनि निम्न स्तरको हुन्छ। शिक्षकहरुको योग्यता पनि कमै हुन्छ । यसले गर्दा ति बिद्यालयमा सिकाईको विषयबस्तु तथा कियाकलापहरु आर्कषक हुदैन भनि उल्लेख गरेका छन् ।

सिन्हा (२०६६) ले शिक्षामा लगानिको स्तर त्यस देशको आम्दानि र प्रतिब्यक्ति आयमा निर्भर गर्दछ । तर बजेटको प्रतिशत भन्दा आकारमा भर पर्दछ। कतिपय देशहरुको शिक्षामा विनियोजित रकम प्रतिशत कम भए पनि आकार ठुलो हुन्छ। त्यस्तै शिक्षाको प्रतिफल लगानी र प्रतिशतका् आकार भन्दा शिक्षा प्रणलिको सक्षमता समेत  निर्भर गर्दछ । करिब समान प्रतिशत लगानी भएको देशहरुमा शैक्षिक उत्पादनमा ब्यापकरुपमा अन्तर देखिन्छ। यो शिक्षा प्रणलिको सक्षमता र प्रभाबकारिताको कारणले हुने गरेको देखिन्छ ।

मानिसको ज्ञान, दक्षता कार्यकुशलता आदि बढाउने माध्यम भनेको नै शिक्षा हो यसमा गरिने खर्चलाई मानबिय बिकासको लगानी भनिन्छ र प्रतिफल दिर्धकालिन हुन्छ । यसलाई सार्थक बनाउन कार्यान्वयन पक्षलाई सबल तुल्याउनु पर्ने आबश्यकता छ । यस संन्दर्भमा चिनिया उखानलाई उद्दृत पार्नु उपयुक्त होला “एक बर्षको लागी हो भने धान रोप एक दशकका लागि हो भने रुख रोप र एक शताब्दिको लागि हो भने जनतालाई शिक्षित गर”। शिक्षामा ठुलो धनराशी लगानी गर्नुका साथै दुरगामी सोच राखेर निति तथा योजना तर्जुमा गर्नुपर्ने हुन्छ। शिक्षाले राष्ट्रमा बैचारिक क्षमता तथा बार्यकुशलताको बिकास गर्न जिबनका हरेक पक्षका मुल्य र मान्यताहरुमा परिवर्तन ल्याउन सक्ने हुनु पर्छ ।

# अध्याय- तीन (CHAPTER THREE)

## ३. अनुसन्धान विधि (Research Methodology)

यसअनुसन्धानले लिएका उद्देश्य पूरा गर्न अपनाइने विधिको यस अध्यायमा विश्लेषण गरिएको छ । यस अध्ययनमा समावेश गर्ने अनुसन्धानको ढाँचा, तथ्याङकको स्रोतहरु, जनसंख्या तथा नमूनाहरूको छनोट,तथ्याङ्क संकलनका साधनहरु,तथ्याङ्क संकलनका तरिकाहरुउल्लेख गरिएको छ । उपरोक्त विधि वा पद्धतीलाई निम्नानुसार क्रमश व्याख्या गरिएको छ ।

## ३.१. अनुसन्धानको ढाँचा (Research Design)

यस अनुसन्धानमा संख्यात्मक र गुणत्मक विधि अवलम्बन गरि तथ्याङ्क संकलन गरिएको छ। यस अनुसन्धानले सामुदायीक विद्यालयका स्रोतहरुको पहिचान गर्ने, आम्दानी र खर्चको विश्लेषण गर्ने, यसवाट शैक्षिक उपलब्धीको लेखाजोखा गरिने भएकोले प्राप्त तथ्याङ्कलाई तालिका बनाईबर्णनात्मक विधि  अर्न्तगत ब्याख्या र विश्लेषण गरिएको छ ।

## ३.२. तथ्याङकको स्रोतहरु(Sources of Data)

यस अनुसन्धानमाप्रमुख रुपमा प्राथमिक स्रोतबाट तथ्याङ्कहरु लिइएको छ । यस अध्ययनका तथ्याङ्कका स्रोतहरु निम्नानुसार छन् ।

### ३.२.१ प्राथमिक स्रोत (Primary Source)

प्राथमिक स्रोत अन्तरर्गत छनौटमा परेका सामुदायीक माध्यमिक विद्यालयका विद्यार्थी, शिक्षक/शिक्षिका, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र विद्यालय प्रशासनबाट लिईएको अन्तरवार्तावाट आवश्यक तथ्याङ्कहरु प्राप्त गरिएको छ ।

### ३.२.२. द्वितिय स्रोत (Secondary Source)

अनुसन्धानलाई उद्देश्यमुलक वनाउन द्वितियस्रोतहरुवाट सम्वन्धित विषयसँग मिल्दोजुल्दो विद्यालयका वार्षिक प्रतिवेदन, विभिन्न गैरसरकारी संस्था, समिति एवम आयोगको प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित विभिन्न रिपोर्टहरु, विद्यालय नतिजा सिट, विद्यालय तथ्याङ्क फारम, जिल्ला शिक्षा कार्यालय, शिक्षा मन्त्रालय, अर्थमन्त्रालय , केन्द्रिय तथ्यङ्क विभाग आदिवाट प्रकाशित विभिन्न वुलेटिन तथा सुचनाबाट प्राप्त तथ्याङ्क लिइएको छ ।

## ३.३. जनसंख्या तथा नमूनाहरूको छनोट (Population andSamples Selection)

यस अध्ययनमा अनुसन्धान क्षेत्रको छनौट र नमुनाहरूको छनौटलाई उल्लेख गरिएको छ । जसलाई निम्ननुसार क्रमशः व्याख्या गरिएको छ ।

### ३.३.१ अध्ययनको जनसंख्या (Population)

ढिकुरपोखरी गा. बि. स. मा पाँच वटा माध्यमिक विद्यालयका करिब ८७० विद्यार्थी मध्य तीन वटा माध्यमिक विद्यालय छनौट गरि ५४० विद्यार्थी छनौट गरिएको छ ।

### ३.३.२. अनुसन्धान क्षेत्रको छनौट (Selection of the Study Area)

यस अनुसन्धानमा कास्की जिल्ला ढिकुरपोखरी गाँउ विकास समितिका तीन वटा सामुदायीक विद्यालयहरूलाई उद्देश्यमूलक ढंगबाट छनौट गरिएको छ ।

यस अनुसन्धानमा छनौट गरिएका सामुदायीक विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने प्रधानअध्यापक, विद्यार्थी, अभिभावकलाई कुल जनसंख्याको रूपमा लिइएको छ ।

### ३.३.३. नमुनाहरूको छनौट (Samples Selection)

सामुदायीक माध्यमिक विद्यालयको आर्थिक आयका स्रोतहरु र प्रतिविद्यार्थि लागतको मापन अध्ययनका लगि ढिकुरपोखरी गा.वि.स.सम्पूर्ण सामुदायीक माध्यमिक विद्यालय मध्य ३ वटा सामुदायीक विद्यालयहरु उद्देश्यमुलक छनौट विधिको आधारमा छनौट गरिएको छ ।

नमुना छनोट गरिने प्रत्येक सामुदायिक माध्यमिक विद्यालयहरुको शैक्षिक सत्र, २०६८/२०६९/२०७०, सम्मका कक्षा ९ र १० मा अध्ययनरत विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थिहरुका अभिभावकहरु मध्येवाट सम्भाव्य नमुना छनौट प्रकृयावाट छनौट गरी प्रश्नावलि निर्माण गरी सो प्रश्नावलिको माध्यमवाट सुचना संकलन गरिएको छ । जसमा प्रतिकक्षा४ जना छात्र तथा छात्रा पर्ने गरि ८ जना जसमा एउटा विद्यालयवाट ८ जनाकादरले तिन वटा सामुदायीक माध्यमीक विद्यालयको जम्मा २४ जना विद्यार्थीका अभिभावक मध्ये२४ जना अभिभावकहरुलाई संभावनायुक्त नमुना छनौट विधिबाट नै छनौट गरिएको छ । तसर्थ यस अनुसन्धाानमा तिन वटा सामुदायीक माध्यमीक विद्यालयका प्रतिकक्षा ४/ ४ जना पर्ने २४ जना विद्यार्थीहरु र १२ जना अभिभावकहरु समावेश गरिएको छ ।

तालिका ३.१

| जनसंख्या | | नमुना छनौट |
|---|---|---|
| विद्यालय | ५ | ३ |
| अभिभावक | | १२ |
| विद्यार्थी | ९७० | ८२२ |

## ३.४. तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection)

अनुसन्धानको उद्देश्य प्राप्तीका लागि प्रथामिक तथा द्वितिय तथ्याङ्कको प्रयोग गरिएको छ ।

तथ्याङ्क संकलनमा प्रश्नावली, अवलोकन फारम आवश्यक परेमा असंरचित अन्तर्वाता विधिको पनि प्रयोग गरिएको छ । तथ्याङ्क संकलन प्रकृयामा गरिने कृयाकलापलाई तल वर्णनगरिएको छ ।

### ३.४.१. प्रश्नावली (Questionnaire)

अनुसन्धानको उद्देश्य परिपुर्तिका लागि कास्की जिल्लाको ढिकुरपोखरी गा.वि.स. का छनौटमा परेका सामुदायिक माध्यामिक विद्यालयका प्रधानध्यापक, विद्यार्थी, शिक्षक, तथा अभिभावकहरुवाट तथ्यांक संकलनका लागि प्रश्नावलीको निर्माण गरिएको छ । ती प्रश्नावलीहरुलाई कमश अनुसुचि एक देखि पाँच सम्म राखएको छ ।

### ३.४.२ अवलोकन फारम (Observation Form)

सामुदायीकमाध्यामिक विद्यालयको भौतिक पक्ष, शैक्षिक योजना, विद्यार्थीको उपस्थिति जस्ता विषयमा अध्ययन गर्ने विद्यालय अवलोकन फारम प्रयोग गरिएको छ ।

### ३.४.३. छलफल निर्देशिका (Discussion Guide)

शिक्षक अभिभावक, व्यवस्थापन समितिका पदाधिकारी लगायत विभिन्न सरोकार निकायहरु संघसंस्थासँग सामुदायिक माध्यमिक विद्यालयमा आर्थीक तथा शैक्षिक समस्याहरु र ती समस्या समाधानका उपायहरुको खोजीगर्न आवश्यक सुभाव संकलन गर्न लक्षित समुहसंग छलफल विधिको प्रयोग गरिएको छ ।

## ३.५. तथ्याङ्क संकलनका तरिकाहरु (Technique of Data Collection)

तथ्याङ्क संकलन प्रक्रियामा तथ्याक संकलनका विभिन्न प्रविधिहरु अपनाइएको छ, अन्तर्वाता, समुह छलफल तथा विद्यालय कक्षाकोठा अवलोकन आदिलाई तथ्याङ्क संकलनको तरिकाको रुपमा प्रयोग गरिएको छ । जसलाई निम्नुसार उल्लेख छ ।

### ३.५.१. अन्तवार्ता (Interview)

सामुदायीक माध्यामिक विद्यालयहरुमा आयका स्रोतहरुको पहिचान गरि प्रति विद्यार्थी लागत मापनका लागि प्रधानाध्यापक,विद्यार्थी, अभिभावक, व्यबस्थापन समितिका पदाधिकारीहरुसँग प्रत्यक्ष अन्तवार्ताको माध्यमवाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२. विद्यालय कक्षाकोठा अवलोकन (Observation of school and classroom)

सामुदायिक माध्यमिक विद्यालयको भौतिक पक्ष, शैक्षिक योजना, शिक्षकको कक्षागत भार विद्यार्थीको उपस्थिति जस्ता विषयमा अध्ययन गर्न विद्यालय कक्षाकोठाको प्रत्यक्ष अवलोकन गरी अवलोकन फारमको प्रयोगद्वारा विद्यालयको कक्षाकोठा तथा विद्यार्थी उपस्थितिको तथ्ययाक संकलन गरिएको छ ।

### ३.५.३ लक्षित समुह छलफल (Focused Group Discussion)

समावेशी जनसंख्याका आधारमा विद्यार्थी, अभिभावक, शिक्षकहरुको सामुहिक प्रतिनिधित्व गर्दै उनिहरुको राय सल्लाह एवं सुझाबलाई संकलन गर्दै अनुसन्धानको दायरालाई फराकिलो बनाईएको छ। प्राप्त राय सल्लाह एवं सुझाबबाट सामुदायिक विद्यालयको समस्याहरु र तीनका समाधानका उपायहरु निकाल्ने प्रयत्न गरिएको छ ।

## ३.६. तथ्याङ्क बिश्लेषणको तरिका (Technique of Data Analysis)

अनुसन्धान मुख्य रुपमा वर्णनात्मक र विश्लेषणत्मक भएकाले अध्ययनवाट प्राप्त तथ्याङ्कहरुलाई उद्देश्य अनुरुप औसत प्रतिशत र अनुपातका आधारमा विश्लेषण गरिएको छ । साथै प्राप्त तथ्याङ्कहरुलाई तालिकाद्वारा प्रस्तुत गरि गुणात्मक तथा परिमाणात्मक रुपमा विश्लेषण गरिएको छ ।

# अध्याय - चार (CHAPTER FOUR)

## ४. तथ्याङ्कको व्याख्या र विश्लेषण (Interpretation and Analysis of Data)

यस अध्यायमा प्राप्त तथ्याङ्कहरूको विश्लेषण प्रस्तुत गरिएको छ । पहिलो शिर्षक अन्तर्गत अध्ययन क्षेत्रको परिचय साथै अध्ययन क्षेत्रका माध्यमिक विद्यालयको भौतिक अवस्था, विद्यार्थी शिक्षक अनुपात, एस.एल.सी परीक्षा आदिका बारेमा व्याख्या विश्लेषण गरिने छ ।

दोस्रो शिर्षकमा छनोट गरिएका माध्यमिक विद्यालयहरूका आयका स्रोतहरू : आयका स्रोतहरूमा सरकारी अनुदान, स्थानिय निकाय, अभिभावक, विद्यार्थी, गैर सरकारी संस्था, विद्यालयको आफ्नै स्रोत, बैङ्क मौज्दात र अन्य स्रोतहरूका बारेमा व्याख्या विश्लेषण गरिएको छ ।

तेस्रो शिर्षक अन्तगत छनोटमा परेका सामुदायीक माध्यमिक विद्यालयको खर्चको विवरण बारेमा व्याख्या विश्लेषण गरिएको छ । यसमा विद्यालयको वार्षिक खर्च विवरणमा प्रति विद्यार्थी शैक्षिक लागतको गणना गरिएको छ ।

चौथो शिर्षक अन्तर्गत छनोटमा परेका विद्यालयको आर्थिक अवस्थाले शैक्षिक उपलब्धी पारेको प्रभाव तथा शैक्षिक उपलब्धी र प्रति विद्यार्थी शैक्षिक खर्च बिचको सम्बन्ध रहेको छ ।

### ४.१ अध्ययन क्षेत्रको परिचय (An Introduction to the Study)

### ४.१.१ कास्की जिल्लाको परिचय (Introduction of Kaski District)

कास्की जिल्ला नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत गण्डकी अञ्चलको पहाडी जिल्ला हो । यस जिल्ला म्यादी, पर्वत, स्याङ्गजा, तनहु, तमजुङ र मनाङ जिल्लाको विचमा अवस्थित छ । यो जिल्ला २८.०६' देखि २८.३६' उत्तरी अक्षाँस तथा ८३.४०' देखि ८४.१२ 'पुर्वो देशान्तरमा फैलिएको छ । यस जिल्लाको हावापानी समशितोष्ण छ । यहाँको तापक्रम न्युनतम ०$^{\circ}$ देखि अधिकतम ३१/३२ डिग्री सेल्सियस रहेको छ । समुद्र सतहबाट १२०१ देखि २१०० मिटरसम्मको

उचाइमा अवस्थित यो जिल्लामा नेपालको सबैभन्खा बढी पानी पर्ने ठाँउ लुम्ले पर्दछ । यो जिल्लाको कूल क्षेत्रफल ६२१६२ हेक्टर छ ।

राजनैतिक, प्रशासनिक विभाजन अनुसार १ उपमहानगरपालीका, १ नगरपालीका सहित ४३ गाँउ विकास समिति रहेको यो जिल्ला संविधान सभा निर्वाचन क्षेत्र ४ रहेको छ भने जिल्लाको सदरमुकाम पोखरा हो । जनसंख्याको हिसाबले यो २३ औ ठुलो जिल्ला हो ।यस जिल्लाको जनसंख्या सन २००१ को तथ्याङ्क अनुसार ३८०५२७ रहेको छ । यस जिल्लामा सामुदायीक र संस्थागत गरी करिब ६२६शैक्षिक संस्थाहरु रहेका छन् ।

पुर्व प्राथमिक तथा प्राथमिक विद्यालयहरु ७६, निम्न माध्यमिक ७६ तथा माध्यमिक १७७, उच्च मा. वि. ४९ र उच्च शिक्षाको लागि १३ क्यामपसहरू का साथै प्राविधिक शिक्षालय ६ वटा र १ विश्वविद्यालय रहेका छन् ।

### ४.१.२ ढिकुरपोखरी गा.वि.स.को परिचय (Introduction of Dhikurpokhari Village D.C.)

यो गा. बि. स. कास्की जिल्लाको पश्चिम भेगमा अवस्थित रहेको छ। पोखरा सदरमुकाम देखि करिब २० किलोमिटर टाढा पर्दछ। यसको सिमाना पुर्वमा कास्की जिल्लाको कास्कीकोट गा. बि. स. तथा हेम्जा, उत्तरमा कास्की कै धम्पुस, पश्चिममा लुम्ले तथा सल्यान गा. बि. स. तथा दक्षिणमा भदौरे तामागी तथा चापाकोट गा. बि. स. रहेका छन। यसको क्षेत्रफल २३.१७ बर्ग किलोमिटर रहेको छ। समुन्द्र सतह भन्दा १००० मिटर माथी देखि १५०० मिटर सम्म यसको भौगोलिक अवस्थित रहेको छ।यस क्षेत्रको हावापानी समशितोष्ण प्रकारको रहेको छ। यहाको तापकम न्युनतम ३ डिग्री देखि अधिकतम ३० डिग्री सम्म रहने गरेको छ। यस क्षेत्रमा पर्ने लुम्ले नेपालकै अधिकतम बर्षा हुने क्षेत्रमा पर्दछ।

माछापुच्छे हिमालको काखमा अवस्थित यस गा. बि. स. का मुख्य बालिहरुमा धान, मकै, गहु, कोदो रहेका छन्। नगदेबालीका रुपमा तरकारी खेति रहेको छ।

नौ वडा रहेको यस गा. बि. स.मा कुल जनसंख्या ८०६१ रहेको छ। जसमा पुरुषको संख्या ३७४१ त्था महिलाको संख्या ४३२० रहेको छ।

यस गा. वि. स. मा विभिन्न जातजातिहरुको मिश्रित बसोबास रहेको छ। जहा ब्रामहण ५८ प्रतिशत, क्षेत्रि १२ प्रतिशत, गुरुङ्ग ५.१ प्रतिशत, नेवार १.८ प्रतिशत, मगर, थकालि, कामी, सार्की, राई, दमाई २३.१ प्रतिशत रहेको छ।

एक सामुदायिक क्याम्पस तथा दुई वटा उच्च मा. वि. रहेको यस गा. बि. स. मा अन्य २ माध्यमिक विद्यालय रहेकोमा १ संस्थागत उच्च मा. वि. रहेको छ। यस ईलाकामा एक इलाका प्रहरी कार्यालय, गा. बि. स कार्यलय, विभिन्न बैकहरु, सरकारी तथा गैर सरकारी कार्यालयहरु, सहकारी संस्थाहरु तथा स्वास्थ किल्निकहरु रहेका छन।

यस गा.बि.स का अधिकांश स्थानमा विद्युत, यातायात, टेलिफोन, खानेपानीको सहज पहुचर ब्यबस्था रहेको छ।

## ४.२ छनोट गरिएका विद्यालयहरूका प्रमुख विशेषताहरु (Main Characteristics of the Sampled School)

यस शिर्षक अर्न्तगत अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कमा सामुदायिक माध्यमिक विद्यालयहरुका प्रमुख विशेषतामा विद्यालयको भौतिक अवस्था, शिक्षक विद्यार्थी अनुपात, एस. एल. सी परीक्षा र शैक्षिक उपलब्धिलाई निम्न शिर्षक अनुसार ब्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.१ छनोट गरिएका विद्यालयहरुको वर्तमान भौतिक अवस्था (Present Physical Condition of the Sampled School)

यस अध्ययन क्षेत्रमा सामुदायिक माध्यमिक विद्यालयको वर्तमान भौतिक अवस्थाबारे जानकारी पाउन अनुसुची-२ मा दिईए अनुसारको विद्यालय अवलोकन फारम भरी तथ्याङ्क संकलन गरिएको छ। यसबाट विद्यालयको प्रत्यक्ष अवलोकन गर्दा विद्यालयको भौतिक अवस्था निम्नानुसाररहेको छ ।

### ४.२.१.१ कक्षा कोठाको भौतिक अवस्था(Physical Situation of Classroom)

अध्ययन क्षेत्रमा रहेका तीन वटा सामुदायिक माध्यमिक विद्यालयको प्रत्यक्ष अवलोकन गर्दा प्राय सबै विद्यालयमा भवन तथा कक्षा कोठा प्रर्याप्त रहेको देखिन्छ। सामुदायिक विद्यालयका ३ वटा माध्यमिक विद्यालयमा जम्मा भवन १९ वटा रहेको छ जसमा ६० वटा कक्षा कोठा, ३ वटा कार्यालय, ३ वटा स्टोर कोटा, ३ वटा कम्प्युटर ल्याव, ३ वटा विज्ञान ल्याव रहेका छन। जसमा सवै विद्यालयका भवनहरु पक्कि रहेका छन। साथै तीनवटै विद्यालयको कुनै पनि कक्षामा सेक्सन विभाजन गरिएको छैन।

तालिका ४.१

तीन वटा सामुदायिक माध्यमिक विद्यालयको भवन, कक्षा कोठा र प्रयोगको अबस्था

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| विवरण | जम्मा |
|---|---|
| भवन | १४ |
| कक्षा कोठा | ६० |
| कार्यालय | ३ |
| स्टोर | ३ |
| विज्ञान प्रयोगशाला | ३ |
| कम्प्युटर ल्याब | ३ |
| पुस्ताकालय | ३ |

स्रोत : स्थलगतसर्वेक्षण, २०७१

### ४.२.१.२ फर्निचर, शैक्षिक सामाग्री, प्रयोगशाला, कम्प्युटर कोठा र पुस्तकालय (Furniture, Teaching Materials Labrotary, Computer Room and Library)

छनोट परेका विद्यालयमा परम्परागत शैलिका फर्निचरको सुबिधा प्रयाप्त पाईए पनि आधुनिक प्रविधिको फर्निचरको आवश्यकता रहेको छ।

शैक्षिक सामाग्रीको दैनिक रुपमा प्रयोग हुनेचक, डस्टर लगायत चित्र, रेखाचित्र आदिको प्रयोग भएपनि आधुनिक शैक्षिक सामाग्रीको प्रयोग हुन सकिरहेको देखिदैन। केहि मात्रामा स्थानिय स्तरमा उपलब्ध भएपनि ब्यबस्थापन, प्रयोग र संरक्षण भने पाईदैन।

अध्ययन क्षेत्रमा तीनवटै सामुदायिक माध्यमिक विद्यालयमा छुट्टाछुट्टै विज्ञान प्रयोगशाला, छुट्टै कम्प्युटर ल्याब तथा पुस्तकालयको ब्यबस्था रहेको छ। जसको पुर्ण उपयोग तथा ब्यबस्थापन हुन सकेको छैन। तीन वटै विद्यालयमा शिक्षक तथा विद्यार्थीको प्रयोजनका लागी पुस्तकालय रहेको छ।

### ४.२.१.३ विद्यालयको वातावरण (School Environment):

विद्यालयको वातावरण शिर्षक अन्तरगत विद्यालयहरु भित्र रहेका पिउने पानी, चर्पी, खेल मैदानको ब्यबस्था,पोशाकको अबस्था जस्ता पक्षको आधारमा ब्याख्या विश्लेषण गरिएको छ।

छनोटमा परेका विद्यालयको वातावरणिय पक्षको अवलोकन गर्दा अध्ययनका लागी उपयुक्त नै रहेको छ। अध्ययन क्षेत्रका तीनवटै सामुदायिक माध्यमिक विद्यालयमा कम्पाउण्डमा पक्कि गारो लगाएर घेरिएको छ।

त्यस्तै अध्ययन क्षेत्रको एउटा सामुदायिक माध्यमिक विद्यालयमा प्रयाप्त खेल मैदानको ब्यबस्था भएपनि अन्य २ वटामा फराकिलो खेल मैदान नभएकालेत्यसको प्रयोगमा कठिनाई उत्पन्न भएको पाईन्छ।

अध्ययन क्षेत्रका ३ वटै विद्यालयमा पिउने पानीको अवस्थाको अवलोकन गर्दा धाराको पानीलाई टयाङकीमा जम्मा गरि धारा मार्फत वितरणको ब्यबस्था मिलाईएको छ। जसमा प्रति विद्यालय १ टयाङकी र ३/३ वटा धारा रहेका छन।

शौचालयको ब्यबस्था पनि तीनवटै विद्यालयमा प्रति विद्यालय १ छात्रा, १ छात्र, १ शिक्षक/कर्मचारीको गरि ९ वटा शौचालय रहेका छन। अध्ययन क्षेत्रका तीनवटै विद्यालयमा पोशाक कडाईका साथ अनिवार्य गरिएको अवस्था रहेको छ।

### ४.२.३ विद्यार्थी शिक्षक अनुपात (Student Teacher Ratio)

अध्ययन क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयहरुको विद्यार्थी शिक्षकको अनुपात गणना गर्दा शैक्षिक बर्ष २०६८, २०६९ र २०७० साल सम्म भर्ना भएका कुल विद्यार्थी संख्या र कुल शिक्षक संख्यालाई कुल समय (बर्ष) ३ ले भाग गरेर औसत विद्यार्थी संख्या निकालिएको छ। उक्त शिक्षक संख्याले विद्यार्थी संख्यालाई भाग गरि बिद्यार्थी शिक्षक अनुपात गणना गरिएको छ।

तालिका - ४.२

तीन वटा सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थी शिक्षकको औषत अनुपात

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| विद्यालयको संख्या | विद्यार्थी संख्या | शिक्षक संख्या | विद्यार्थी शिक्षक अनुपात | जम्मा कक्षा संख्या |
|---|---|---|---|---|
| छनौटका सामुदायिक माध्यमिक विद्यालय(३) | ८२२ | ४८ | २५.१७ | ६० |

स्रोतः स्थलगत सर्भे, २०७१

तालिका २ अनुसार अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरु मध्ये सामुदायिक माध्यमिक विद्यालयमा रहेका औसत ८२२ जना विद्यार्थीहरुलाई ४८ जना शिक्षकले भाग गर्दा विद्यार्थी शिक्षक अनुपात १:२५ रहेको छ।

### ४.२.४ एस.एल.सी. परीक्षा (S. L.C Examination)

विद्यालय शिक्षाको फलामे ढोकाको रुपमा हेरिने एस.एल. सी. परीक्षा राष्ट्रिय स्तरमा नेपाल सरकार शिक्षा मन्त्रालय अर्न्तगत परीक्षा नियन्त्रण कार्यालयले देशभर एकैपटक एकै स्तरमा लिने गर्दछ। एस.एल. सी. परीक्षा दिनु भन्दा अगाडी केहि बर्ष अघि सम्म जिल्ला स्तरमा टेष्ट परीक्षा पास गरेपछि मात्र सो परीक्षामा

समेल हुन पाउने प्रावधान रहेको थियो। तर हालका बर्षहरुमा सेन्टअप टेष्ट परीक्षाको जिम्मा सम्बन्धित विद्यालयलाई नै दिईएको अबस्था रहेको भएता पनि २०६८ बाट नेपाल सरकारले सो परीक्षा नगराई एस.एल. सी. परीक्षामा विद्यार्थी सामृल गराउनु पर्ने निर्णय गरी कार्यान्वयन गरिसकेको अवस्था छ। हाल कक्षा ९ उत्तिर्ण सम्पुर्ण विद्यार्थीले एस.एल. सी. परीक्षामा सहभागी हुन पाउने ब्यबस्था रहेको छ।

एस.एल.सी. परीक्षाको नतिजालाई हालसम्म तीन श्रेणीमा विभाजन गरि प्रकाशन गर्ने गरिएको छ। जसलाई प्रथम, द्वितिय र तृतिय श्रेणी गरी श्रेणीकरण गरिएको छ। साथै २वटा विषयमा उत्तिर्ण हुन नसकेका विद्यार्थीहरुलाई एक पटक मौका परीक्षा दिन पाउने ब्यबस्था रहेको छ। अध्ययन क्षेत्रमा रहेका सामुदायिक माध्यमिक विद्यालयको तीन बर्षको एस.एल.सी. परीक्षाको औसत परिणमलाई समावेश गरिएको छ जसलाई तालिका ३ मा समाबेस गरिएको छ।

तालिका ४.३

तीन वटा सामुदायिक माध्यमिक विद्यालयको एस. एल. सी. परिक्षार्थी औसत परिणाम

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| विद्यालय | सामेल भएका परिक्षार्थी | | | उत्तिर्ण हुने परिक्षार्थी | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालय(३) | १६७ | २१३ | ३८० | १२० | ११६ | २४६ | ६४.७३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ३ मा अध्ययन क्षेत्रका ३ वटा सामुदायीक माध्यमिक विद्यालयको शैक्षिक बर्ष २०६८/२०६९ देखि २०७०/७१सम्मको एस. एल. सी. परीक्षाको औसत परिणामलाई प्रस्तुत गरिएको छ। जसमा प्रस्तुत तालिका अनुसार सामुदायिक माध्यमिक विद्यालयबाट एस. एल. सी. परीक्षामा सामेल भएका जम्मा ३८० जना

विद्यार्थी मध्य २४६ जनाउत्तिर्ण भएका छन् । जसमा उत्तिर्ण प्रतिशत ६४.७३ छ भने छात्र १६७ जना परीक्षामा सामेल भएकोमा १२० जना उत्तिर्ण भएका छन भने छात्रा२१३ जना विद्यार्थी परीक्षामा सामेल भएकोमा ११६ जना मात्र उत्तिर्ण हुन सफल भएका छन।

## ४.३ माध्यमिक विद्यालयको आय तथा ब्यय (Income and Expenditure of Secondary School)

### ४.३.१ आय (Income)

यस शिर्षकमा छनौटमा परको सामुदायिक माध्यमिक विद्यालयहरुको ३ आर्थिक बर्षको सम्पुर्ण औसत आयको विवरण लिई जसमा माध्यमिक तह अर्न्तगतको औसत आम्दानी स्रोतहरुको गणना गरिएको छ। सामुदायिक माध्यमिक विद्यालयको आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१ सम्म ३ बर्षको औसत कुल आयलाई सोहि आर्थीक बर्ष अर्न्तगत सम्पुर्ण विद्यार्थी संख्याले भाग गरी आएको भागफललाई माध्यमिक तहको मात्र विद्यार्थी संख्याले गुणन गरि औसत आम्दानीको गणना गरिएको छ।

तालिका ४.४

तीन वटा सामुदायिक माध्यमिक विद्यालयको औषत बार्षिक आम्दानी विवरण

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| **आम्दानीका स्रोतहरु** | **विद्यालयको जम्मा आम्दानी रु** | **माध्यमिक तहको मात्र** | |
|---|---|---|---|
| | | **रकम रु** | **प्रतिशत** |
| सरकारी अनुदान | ३४४७६२९१ | ११५०१४२५ | ७८.६५ |
| स्थानिय निकाय | ७८११८० | २६०६०४ | १.७८ |
| अभिभावक/विद्यार्थी | २७८६२३२ | ९२९४९७ | ६.३५ |
| गैर सरकारी संस्था | ५२८१६३ | १७६१९७ | १.२० |
| विद्यालयको आफनै स्रोत | ४१६३१३ | १३८८८३ | ०.९४ |
| बैंक मौज्दात | ४४७९४८३ | १४९४३७२ | १०.२१ |
| विविध | ३६४२८६ | १२१५२७ | ०.८३ |
| जम्मा | ४३८३१९४८ | १४६२२५०८ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

## ४.३.२ सरकारी अनुदान (Government Grants)

अध्ययनको कममा अध्ययन क्षेत्रका सामुदायीक माध्यमिक विद्यालयहरुमा प्राप्त हुने गरेका सरकारी अनुदानबाट शिक्षक तलब भत्ता, प्रशासनिक खर्च। मसलन्द खर्च, छात्रवृति तथा निर्माण आदि शिर्षकमा रकम निकासा हुने गरेको छ। जसमा सरकारी अनुदानको ठुलो अंश शिक्षक तलब भत्तामा र अन्य शिर्षकमा न्युन मात्रामा रकम प्राप्त हुने गरेको कुरा अध्ययनबाट जानकारी हुन्छ।

नेपाल सरकारले माध्यमिक विद्यालयहरुमा स्विकृत दरबन्दी भएको खण्डमा सतप्रतिशत तलब सरकारी अनुदान रकम मार्फत प्रदानगरेको छ। साथै प्रशासनिक खर्च, मसलन्द खर्च, छात्रवृति आदि शिर्षकमा पनि सरकारले सामुदायीक विद्यालयहरुलाई अनुदान रकम प्रदान गर्दै आएको छ। यसरी अध्ययन

क्षेत्रमा हेर्दा विभिन्न शीर्षक मार्फत विद्यालयलाई दिईने करिब ७८.६५ प्रतिशत रकम सामुदायिक विद्यालयको प्रमुख आम्दानीको स्रोतको रुपमा रहेको देखिन्छ।

## ४.३.३ अभिभावक/विद्यार्थी (Parents/Students)

अनुसन्धानका क्रममा सामुदायीक विद्यालयको दास्रो आम्दानीको स्रोत अभिभावक/विद्यार्थीबाट विभिन्न शिर्षकमा उठाईने लागत रहेको छ। जसमा६.३५ प्रतिशत आम्दानी अभिभावक तथा विद्यार्थीबाट प्राप्त हुन्छ।

विद्यालयको आम्दानीमा अभिभावक तथा विद्यार्थीबाट प्राप्त हुने आम्दानी अन्तरगत सामुदायीक माध्यमिक विद्यालयमा मासिक पढाई शुल्क, विद्यालय सहयोग शुल्क, परीक्षा शुल्क आदी लगायत शिर्षक रहेका छन।

अध्ययनको क्रममा अध्ययन क्षेत्रका छनौटमा परेका तीन वटा सामुदायीक माध्यमिक विद्यालयहरुमा क्रमश शैक्षिक बर्ष २०६८, २०६९ र २०७० सालमा ती विद्यालयहरुले लिईएको सम्पुर्ण शुल्क विवरणलाई ३ वटै विद्यालयको कक्षा ९ र १० को छुट्टाछुट्टै जोडी ३ ले भाग गरेर शैक्षिक बर्ष ०६८-०७० साल सम्मको औसत शुल्कदर निकालिन्छ।

तालिका४.५

तीन वटा सामुदायीक माध्यमिक विद्यालयको कक्षा ९ र १० को औसत बार्षिक प्रति विद्यार्थी शुल्क दर

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| विद्यालय | बर्ष | कक्षा ९ रु | कक्षा १० रु | जम्मा रु |
|---|---|---|---|---|
| सामुदायीक माध्यमिक विद्यालय | २०६८ | ९९५ | १०५० | २०४५ |
| | २०६९ | ४६२ | ४९२ | ९५५ |
| | २०७० | ५५२ | ५८० | १३७७ |
| औसत | | ६६९ | ७०७ | १३७७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

सामुदायीक माध्यमिक विद्यालयका प्रमुख आम्दानीको स्रोतलाई निम्नानुसार उपशिर्षकहरुमा विष्लेषण गरिएको छ।

### ४.३.४ विद्यालयका आफ्नै स्रोतहरु (School Own Sources)

अध्ययन क्षेत्रमा रहेका माध्यमिक विद्यालयहरुको आफनै आम्दानीका स्रोतहरु अर्न्तगत विद्यालयको जग्गामा रहेको चलअचल सम्पति, घास दाउरा आदि बिक्रिबाट प्राप्त आय, ब्यापारीक सटर भाडा आदि आम्दानीलाई समावेश गरिएको छ। अध्ययन क्षेत्रका सामुदायीक विद्यालयहरु मध्य एउटा विद्यालयको आफनो ब्यापारीक भवन रहेको छ, जसमा नियमित भाडा प्राप्त हुन्छ, अन्य २ वटा विद्यालयको घास, दाउरा लगाएतका अन्य विक्रिबाट आय प्राप्त हुन्छ।

अध्ययनक क्षेत्रका तीन वटै सामुदायिक माध्यमिक विद्यालयको आर्थीक बर्ष आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१सम्मको विद्यालयको आफनै स्रोतबाट प्राप्त आम्दानीलाई छुट्टाछुट्टै राखी ३ वटै विद्यालयको आफनै स्रोतबाट प्राप्त आम्दानीलाई जोडि ३ ले भाग गरेर प्रति विद्यालय औसत आम्दानी निकालिन्छ। जसमा विद्यालयको कुल आम्दानी ०.९४ प्रतिशत आम्दानी विद्यालयको आफनै स्रोत मार्फत भएको देखिन्छ।

### ४.३.५ स्थानिय सरकार (Local Government)

स्थानिय सरकार अर्न्तगत जिल्ला विकास समिति, गा. वि. स, नगरपालिका पर्दछन् । माथि उल्लेखित तालिकामा प्रस्तुत विवरण अनुसार सामुदायिक माध्यमिक विद्यालयमा १.७८ प्रतिशत विद्यालयको आम्दानीमा योगदान स्थानिय सरकारको रहेको छ। स्थानिय निकायबाट सहयोग पाईरहेका विद्यालयका अभिभावक, विद्यालय ब्यबस्थापन समिति तथा विद्यालय प्रधानाध्यापक संग प्रत्यक्ष अर्न्तबार्तामा प्राप्त जानकारी अनुसार अध्ययन क्षेत्रका १ विद्यालयमा १०+२ को लागि अनुदान प्रदान गरेको तथा अर्को विद्यालयमा प्रयाप्त दरवन्दिको अभावमा नीजि स्रोतबाट राखिएको शिक्षकको तलबभत्तामा उक्त रकम खर्च गर्नु परेको जानकारी हुन्छ।

### ४.३.६ अन्य (Other Sources)

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयका अन्य स्रोत अर्न्तगत गैर सरकारी संस्थाहरु चन्दा, सहयोग, INGO (Children Nepal Maya, Maya Foundation) रहेको पाईन्छ। यस्ता संध संस्था तथा ब्यक्तिहरुले विद्यालयको लागि एकमुष्ट रकम तथा

निर्माणकार्यहरुमा पनि सहयोग गरेको देखिन्छ। जस अर्न्तगत पिउने पानीको व्यवस्था तथा शौचालय निर्माण आदिमा लगानी गरेको पाईयो ।

माथी प्रस्तुत गरिएको आम्दानी र आम्दानीका स्रोत सम्बन्धित विश्लेषणलाई संक्षेपमा उल्लेख गर्दा सामुदायीक माध्यमिक विद्यालयमा क्रमश सरकारी अनुदानबाट ७८.६५ प्रतिशत स्थानिय निकायबाट १.७८ प्रतिशत, अभिभावक विद्यार्थीबाट करिब ६.३५ प्रतिशत, विद्यालयको आफनै स्रोतबाट ०.९४ प्रतिशत, बैंक मौज्दातबाट १०.२१ प्रतिशत र अन्य स्रोतबाट ०.८३ प्रतिशत रकम प्राप्त भएको देखिन्छ।

## ४.४ खर्च (Expenditure)

### ४.४.१ माध्यमिक विद्यालयको खर्च (Expenditure of Secondary Schools)

हरेक शैक्षिक संस्थाहरूले निधारित उद्देश्य प्राप्त गर्नका लागि निश्चित मात्रामा आर्थिक स्रोतको परिचालन गर्नुपर्ने हुन्छ । आर्थिक पक्षको अभाव वा अपर्याप्तताको कारण पनि उद्देश्यहरू प्राप्त गर्न कठिनाइहरू उत्पन्न हुन सक्दछ । विद्यालयले गर्ने खर्चको व्यवस्थित परिचालन तथा प्राथमिकताका आधारमा विनियोजन गर्न नसकेको खण्डमा पनि कुशलतापूर्वक ढंगबाट उद्देश्य प्राप्त गर्न सकिदैन । विद्यालयको शिक्षा राम्रो गूणस्तरीय र समय सापेक्ष नया प्रविधि र आविस्कारहरूको उपयोग सहित सबैको पहुचमा पुऱ्याउन त्यस क्षेत्रमा गरेको खर्चले अत्यन्तै ठूलो मात्रामा प्रभावित पारेको हुन्छ । यस अध्ययनमा सामुदायीक विद्यालयले आफ्नो वार्षिक खर्चमा कुन कुन शीर्षकको विभाजन गरी कसरी खर्चको व्यवस्थापन र परिचालन गरिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ । जसलाइ ३ वटा सामुदायिक माध्यमिक विद्यायको तथ्याङ्कन व्याख्या र विश्लेषण गरिएको छ । जसमा आ.व.२०६८/६९ देखि २०७०/७१सम्मको औसत खर्चको गठन गरिएको छ ।

तालिका ४.६

तीन वटा सामुदायिक माध्यमिक विद्यालयको औषत खर्च विवरण

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| विवरण | जम्मा रु | मा. वि. मात्र रु | जम्मा खर्च प्रतिशत | प्रति विद्यार्थी खर्च |
|---|---|---|---|---|
| शिक्षक कर्मचारी भत्ता | ३२२५३४३१ | ७२७०४८६ | ७७ | २९५४ |
| मसलन्द/शैक्षिक सामाग्री | ३०७१७१ | १०२९६८ | ०.७३ | ४१ |
| निर्माण/मर्मत | ४११००६२ | १३७७७८५ | ९.८ | ३५९ |
| टेलिफोन, विजुलि, पानी | ११६४४२ | ३७०२० | ०.२६ | १५ |
| छात्रवृति/पुरस्कार | ९६४४१६ | ३२३२९३ | २.३० | १३ |
| खेलकुद | १४२९१० | ४७९०५ | ०.३४ | १९ |
| परीक्षा | ७६५९९५ | २५६७७७ | १.८३ | १०४ |
| िविविध | ३१६३६६७ | १०६०५३१ | ७.५६ | ४३० |
| जम्मा | ४१८१८०९४ | १०४७६७६५ | १०० | ३९३५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका नं ४.६ अनुसार अध्ययन क्षेत्रमा छनौटमा परेका माध्यमिक विद्यालयको औसत खर्च विभिन्न शिर्षकमा प्रस्तुत गरिएको छ। जसमा सामुदायिक माध्यमिक विद्यालयको विभिन्न शिर्षक अनुसार औसत खर्चको विवरणलाई छुट्टाएर राखिएको छ। त्यसैगरि छनौटमा परेका सामुदायिक तीन वटा विद्यालयको खर्च विवरणका आधारमा माध्यमिक तहको मात्र खर्च सार्थ प्रति विद्यार्थी खर्च निकालिएको छ। तलिका अनुसार सामुदायिक माध्यमिक विद्यालयमा ठुलो हिस्सा शिक्षक कर्मचारी भत्तामा खर्च भएको देखिन्छ।जसमा७७ प्रतिशत शिक्षक तलब भत्तामा खर्च भएको

देखिन्छ। त्यस्तै गरि मसलन्द तथा शैक्षिक सामाग्री, निर्माण मर्मत, विजुली पानी टेलिफोन, परीक्षा खेलकुद, छात्रवृति/पुरस्कार तथा विविध शिर्षकमा क्रमश ०.७३, ९.८, ०.२६, २.१७, २.३०, ७.५६ प्रतिशत खर्च भएको देखिन्छ।

यसबाट माध्यमिक विद्यालयहरुले ठुलो हिस्सा शिक्षक कर्मचारीको तलब भत्तामा खर्च गरेको देखिन्छ भने अन्य शिर्षकमा नगन्य रुपमा खर्च गरेका देखिन्छ।

### ४.४.२. माध्यामिक विद्यालयको प्रति विद्यार्थी लागत (Unit Cost of Secondary Student )

माध्यामिक विद्यालयको औसत विद्यार्थी संख्याले विद्यालय गरेको खर्चका शिर्षक अनुसारका खर्च रकमलाई भाग गरि निकालिएको प्रति विद्यार्थी लागत तालिकामा प्रस्तुत गरिएको छ तालिकामा प्रस्तुत गरिए अनुसार सामुदायिक माध्यामिक विद्यालयमा प्रति विद्यार्थी वार्सिक लागत रु ३९५३ लागेको देखिन्छ । सामूदायिक विद्यालयहरुका विभिन्न शिर्षक अन्तरर्गत प्रति विद्यार्थी खर्च अध्ययन गर्दा प्रति विद्यार्थी शिक्षक कर्मचारी खर्च, मसलन्द शैक्षिक सामाग्री खर्च, निर्माण खर्च टेलीफोन पानि बिजुलि खर्च छात्र वृद्धि पूरस्कार खर्च खेलकुद खर्च, परिक्षा खर्च, विविध , खर्च क्रमश रु २९५४, रु ४१, रु ३५९, रु १५, रु १३१, रु १९, रु १०४, रु १३० रहेको देखिन्छ ।

### ४.४.३. अभिभावकहरुको वार्षिक शैक्षिक लागतः

अध्ययन क्षेत्रका छनौटमा परेका अभिभावकहरुले माध्यामिक विद्यालय तहका कक्षा ९ र १० मा अध्ययन गर्न छोराछोरीहरुका लागि गरेको शैक्षिक खर्च सम्वन्धी अध्ययन गर्दा विद्यालय शुल्क सँग सम्बन्धीत खर्च र विद्यालय शुल्कसँग असम्बन्धीत खर्च वारेमा प्रश्नावली गरी ३ शैक्षिक वर्षको विवरण लिइएको छ । जसमा विद्यालय शुल्क सँग सम्वन्धीत खर्चमा विद्यालय मासिक शुल्क, विद्यालय सहयोग शुल्क, परिचय पत्र शुल्क, खेलकुद शुल्क आदिलाई समावेश गरिएको छ । विद्यालय शुल्क सँग असम्वन्धीत खर्चमा यातायात खर्च खाजा खर्च, पोशाक खर्च, स्टेशनरी खर्च, ट्युशन खर्च, आदिलाई समावेश गरिएको छ ।

यस्ता विद्यालय शुल्कसँग सम्वन्धीत खर्च र विद्यालय शुल्क सँग असम्वन्धीत खर्चलाई अभिभावक तथा विद्यार्थीका लागि माध्यामिक तहको शैक्षिक लागका रुपमा यस अध्ययनमा लिइएकोछ ।

### ४.४.५. विद्यालयसँग सम्वन्धीत खर्च (Cost Related to School)

अध्ययन क्षेत्रमा छनौटमा परेका ३ वटा सामुदायीक माध्यामिक विद्यालय कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थी अभिभावकहरु मध्य प्रत्येक विद्यालयमा २ जना छात्रछात्राका अभिभावक पर्ने गरी एउटा विद्यालयका विद्यार्थीका अभिभावक ४ जनाका दरले १२ जनालाई प्रश्नावलिद्वारा विद्यालयसँग सम्वन्धीत खर्चको वारेमा जानकारी प्राप्त गरिएको छ । विद्यालयको शुल्कसँग सम्वन्धित खर्च अन्तर्गत भर्ना शुल्क, परीक्षा शुल्क तथा विद्यालय सहयोग शुल्क रहेको पाइयो । सामुदायिक माध्यामिक विद्यालयहरुमा नेपाल सरकारले माध्यमीक तह सम्मको शिक्षालाई निशुल्क बनाईसके पछि कुनै पनि प्रकारको शुल्क लिन नपाउने निर्णय भइसकेपछि विद्यालय सहयोग शुल्कका रुपमा शुल्क लिइदै आएको पाइयो ।

छनौटमा परेका सामुदायिक माध्यामिक विद्यालय शुल्क सँग सम्वन्धित कक्षा ९ र १० को औसत खर्चलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.७

तीन वटा सामुदायिक माध्यमिक विद्यालयको शुल्कसँग सम्वन्धीत औसत खर्च

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| कक्षा | सामुदायिक मा.वि | प्रतिशत |
|---|---|---|
| | विद्यालय शुल्क सँग सम्वन्धीत खर्च (रु) | |
| ९ | ९५० | ४८. ९६ |
| १० | ९९० | ५१.०४ |
| जम्मा | १९४० | १०० |
| औसत | ९७० | ५० |

स्रोत स्थलगत सर्वेक्षण २०७१

माथीको तालिका नं ११ को अध्ययन गर्दा सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० को विद्यालय शुल्कसंग सम्बन्धि खर्च प्रति बर्ष औसतमा गणना गरिएको छ। जसमा ३ वटा शैक्षिक बर्षको विवरणका आधारमा औसत प्रतिबर्ष खर्चदरलाई निकालिएको छ। सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० को

विद्यालय शुल्क संग सम्बन्धित खर्च प्रतिबर्ष प्रति विद्यार्थी औसत क्रमश रु ९५० र रु ९९० रहेको छ। जसमा कक्षा ९ को तुलनामा कक्षा १० मा बढी खर्च देखिन्छ। यसमा दुबै कक्षाको औसत ९७० हुन आउछ।

## ४.४.६ विद्यालयसंग असम्बन्धित खर्च (School Non Fee Related Expenditure)

विद्यालय शुल्कसंग असम्बन्धित खर्च अर्न्तगत अध्ययन क्षेत्रका छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीलाई आवश्यक पर्ने विभिन्न साधन र सामाग्रीहरुमा गर्ने खर्चहरुलाई लिईएको छ। यस अर्न्तगत यातायात, खाजा, पोषाक,स्टेसनरी, टयुसन जस्ता शिर्षकमा गरिएको खर्चलाई समावेश गरिएको छ । यी खर्चहरु पनि शैक्षिक क्षेत्रसंग सम्बन्धित खर्च नै हुन। उल्लेखित तथ्याङ्क अनुसार अभिभावकले आफना छोराछोरीलाई माध्यमिक शिक्षा आर्जन गर्नका लागी विद्यालय शुल्कको तुलनामा विद्यालय शुल्कसग असम्बन्धित खर्च बढी गर्ने गरको पाईन्छ। विद्यालय शुल्कसंग असम्बन्धित औसत खर्चलाई तलको तालिकाबाट देखाउन सकिन्छ।

तालिका ४.८

तीन वटा सामुदायिक माध्यमिक विद्यालयको शुल्कसंग असम्बन्धित औसत बार्षिक खर्च

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| कक्षा | छनौटमा परेका सामुदायिक मा. वि. | |
|---|---|---|
| | विद्यालय शुल्क बाहेकको खर्च रु | प्रतिशत |
| ९ | ९३६९ | ४६.११ |
| १० | १०९४६ | ५३.८८ |
| जम्मा | २०३१५ | १०० |
| औसत | १०१५७.५ | ५० |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

माथिको तालिका १२ मा अध्ययन क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयका अभिभावकहरुमा गरिएको सर्वेक्षण अनुसार विद्यालय शुल्क बाहेकको खर्च अर्न्तगत कक्षा ९ देखि कक्षा १० सम्म प्रति विद्यार्थी औसत प्रतिबर्ष खर्चलाई निकालिएको छ। सामुदायिक मा. वि. का कक्षा ९ र कक्षा १० मा शुल्क बाहेकको प्रति विद्यार्थी खर्च क्रमश रु ९३६९, रु१०९४६ रहेको छ।

### ४.४.७ अभिभाबकहरुको प्रति विद्यार्थी बार्षिक औसत लागत (Annual Cost per Student to Parents)

अध्ययनको क्रममा अभिभावकहरुको प्रति विद्यार्थीवार्षिक औसत लागत गणना गर्नका लागी सामुदायिक माध्यमिक विद्यालयका छनौटमा परेका १२ जना अभिभावकहरुले आफना छोराछारीलाई गरको विद्यालय शुल्क संग सम्बन्धित खर्च तथा विद्यालय शुल्क संग असम्बन्धित खर्चलाई क्षेत्रगत रुपमा छुटयाई जम्मा गएिको छ। जसलाई अभिभावकले गरेको जम्मा शैक्षिक खर्चको रुपमा लिईएको छ।

जसमा विद्यालय शुल्कसंग सम्बन्धित खर्चमा भर्ना शुल्क, परीक्षा शुल्क तथा विद्यालय सहयोग शुल्क आदि जस्ता शुल्कहरु रहेका छन भने विद्यालय शुल्कसंग असम्बन्धित खर्चमा यातायात, खाजा, पोषाक, स्टेसनरी र ट्युसन खर्च आदि रहेका छन।

अभिभावक प्रति विद्यार्थी बार्षिक औसत लागत अन्तरगत विद्यालय शुल्कसंग सम्बीन्धत खर्च र विद्यालय शुल्कसंग असम्बन्धित खर्च दुबैलाई तलको तालिकामा देखाईएको छ।

तालिका ४.९

तीन वटा सामुदायिक माध्यमिक विद्यालयका अभिभावकको औसत वार्षिक शैक्षिक खर्च

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| खर्च शिर्षक | छनौटमा परेका सामुदायिक मा. वि. | |
|---|---|---|
| | रकम रु | प्रतिशत |
| विद्यालय शुल्कसंग सम्बन्धित खर्च | ९७० | ८.७१ |
| विद्यालय शुल्कसंग असम्बन्धित खर्च | १०१५७.५ | ९१.२९ |
| जम्मा | १११२७५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

प्रस्तुत तालिका १३ बाट अभिभाबकबाट माध्यमिक तहको शिक्षाका लागी आफना छोराछोरीलाई गरिएको प्रति विद्यार्थी औसत बार्षिक खर्चलाई देखाईएको छ। तालिका अनुसार सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय शुल्क संग सम्बन्धित औसत खर्च रु ९७० र विद्यालयशुल्कसंग असम्बन्धित खर्च रु १०१५७.५ रहेको छ। जसमा दुबै प्रकारको खर्च निकाल्दा सामुदायिक माध्यमिक विद्यालयको प्रति विधर्थी औसत बार्षिक खर्च रु १११२७५ हुन जान्छ।

यस अध्ययनमा अभिभावकबाट गरिएको बार्षिक शैक्षिक खर्चमा सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको विद्यालय शुल्क संग सम्बन्धित खर्चको तुलनामा विद्यालय शुल्क संग असम्बन्धित खचैको मात्र बढि छ। जसमा विद्यालय शुल्कसंग सम्बन्धित खर्च शैक्षिक औसत बार्षिक खर्चको ८.७१ प्रतिशत रहेको छ भने विद्यालय शुल्क संग असम्बन्धित खर्च ९१.२९ रहेको छ।

## ४.५ विद्यालयको आर्थीक अवस्था र त्यसको शैक्षिक उपलब्धिमा प्रभाव (Economic Situation of School and Its Impacts on Educational Achievement)

यस शिर्षक अर्न्तगत अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कर प्राप्त सुचनाका आधारमा अध्ययन क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयको आर्थिक अवस्था र त्यसले शैक्षिक उपलब्धिमा पारेको प्रभाबसंग सम्बन्धित प्रति विधार्थी लागत दर र

शैक्षिक उपलब्धिका रुपमा एस. एल. सी. उत्तिर्ण दरका आधारमा विश्लेषण गरिएको छ। साथै अध्ययन क्षेत्रका छनौटमा परेका विद्यालयले शैक्षिक वर्ष २०६८/६९ देखि २०७०/२०७१ सम्मका कक्षा १० का विद्यार्थीहरुको औसत लागत र एस. एल. सी. उत्तिर्ण संख्याका आधारमा विश्लेषण गरिएको छ । जसलाई निम्न शिर्षकमा अध्ययन गरिएको छ।

### ४.५.१ प्रति विद्यार्थी लागत दर र शैक्षिक उपलब्धि (Per Student's Educational Cost and Educational Achievement)

अध्ययन क्षेत्रमा पर्ने सामुदायीक माध्यमिक विद्यालयलाई दुई क्षेत्रमा विभाजन गरि विद्यालयले गर्ने प्रति विद्यार्थी खर्च र शुल्क देखि बाहेकको अभिभावकले गर्ने खर्चलाई जोडेर छुट्टाछुट्टै रुपमा प्रति विद्यार्थी शैक्षिक लागतदर गणनागरिएको छ भने २०६८/६९ देखि २०७०/२०७१ को प्रति विद्यालय शैक्षिक उपलब्धि गर्नका लागि एस. एल. सी.को क्षेत्रगत औसत उत्तिर्ण दरको गणना गरिएको छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१०

तीन वटा सामुदायिक माध्यमिक विद्यालयको

प्रति विद्यार्थी शैक्षिक खर्चदर र शैक्षिक उपलब्धि एस. एल. सी उत्तिर्ण प्रति विद्यालय औसत संख्या

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| क्षेत्र | प्रतिविद्यार्थी शैक्षिक खर्चदर रु | प्रति विद्यार्थी विद्यालय शुल्क बाहेकको खर्चदर रु | प्रति विद्यार्थी खर्च रु | प्रति विद्यालय एस. एल. सी उत्तिर्ण | |
|---|---|---|---|---|---|
| छनौटमा परेका सामुदायिक मा. वि. | ३९५३ | १०१५७.५ | १४११०.५ | २४६ | ६४.७३ |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

माथी प्रस्तुत तालिका १० अनुसार प्रति विद्यार्थी खर्चको कारणले पनि शैक्षिक उपलब्धिमा प्रभाव पर्ने कुरा देखिएको छ। तलिका अनुसार सामुदायिक माध्यमिक विद्यालयको प्रति विद्यार्थी खर्च रु ३९५३ र शुल्क देखि बाहेकको खर्च रु रु १०१५७.५ रहेको छ। जसलाई जोड्र हेर्दा सामुदायिक माध्यमिक विद्यालयमा विद्यालयको प्रति विद्यार्थी जम्मा खर्च रु १४११० हुन जान्छ। सामुदायिक विद्यालयमा प्रति विद्यार्थी रु १४११० खर्च गर्दा एस. एल. सी परीक्षामा सामेल विद्यार्थी मध्य ६४.७३ प्रतिशत अथवा २४६ उत्तिर्ण भएका छन।

### ४.५.२ विद्यालयको खर्च र शैक्षिक उपलब्धि (Expenditure of School and Educational Achievement)

यस अध्ययनमा छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा विद्यालयको खर्च र शैक्षिक उपलब्धि बीच कस्तो सम्बन्ध रहेको छ, भन्ने कुरालाई विश्लेशण गरिएको छ। यसमा अध्ययन क्षेत्रमा सम्पुर्ण माध्यमिक विद्यालयहरुले कक्षा १० मा गरेको खर्चलाई एस. एल. सी. मा सामेल विद्यार्थीको आधारमा गणना गरिएको छ। यो विद्यालयको खर्चलाई उत्तिर्ण विद्यार्थीसंख्याले भाग गरी उत्तिर्ण विद्यार्थी शैक्षिक लागतको गणना गरिएको छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.११

तीन वटा सामुदायिक माध्यमिक विद्यालयको खर्च र एस. एल. सी. उत्तिर्ण संख्या

आर्थीक बर्ष २०६८/६९ देखि २०७०/७१

| विद्यालय | एस. एल. सी.परीक्षामा सामेल विद्यार्थी | प्रति विद्यार्थी औसत खर्चहरु रु | कक्षा १० मा विद्यालयले गरेको जम्मा खर्च रु | उत्तिर्ण विद्यार्थी संख्या | उत्तिर्ण विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|
| विद्यालय १ | १०९ | ३९५३ | ४३०८७७ | १०० | ९१.७४ |
| विद्यालय २ | १३२ | ३९५३ | ५२१७९६ | १०४ | ७८.७८ |
| विद्यालय ३ | १३९ | ३९५३ | ५४९४६७ | ४२ | ३०.२१ |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

माथी प्रस्तुत तालिका १५मा अध्ययन क्षेत्रका छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयले गरेको प्रति विद्यार्थी बार्षिक खर्च र शैक्षिक उपलब्धिमा त्यसको प्रभाबका सम्बन्धमा विद्यालयको प्रति विद्यार्थी औसत खर्च र एस. एल. सी. उत्तिर्ण विद्यार्थी र उत्तिर्ण विद्यार्थीको औसत लागतलाई प्रस्तुत गरिएको छ। तलिका अनुसार सामुदायिक माध्यमिक विद्यालयले कक्षा १० मा गरेको जम्मा खर्च विद्यालय १, विद्यालय २ र विद्यालय ३मा क्रमश: रु४३०८७७, रु ५२१७९६ र रु ५४९४६७ रहेको छ परिणाम स्वरुप एस. एल. सी. परीक्षामा क्रमश विद्यालय १, विद्यालय २ र विद्यालय ३मा १००, १०४ ४२ जना विद्यार्थि उत्तिर्ण भएका छन। यसबाट उर्त्तिण प्रति विद्यार्थी औसत लागत क्रमश रु ४३०८, रु ५०१७ र रु १४३०६ हुन जान्छ। यसबाट शैक्षिक उपलब्धिका आधारमा प्रति विद्यार्थी आगत बढन गएको देखिन्छ।

यसरी अध्ययन क्षेत्रका छनौटमा परेका सामुदायिक विद्यालयको अध्ययन गर्दा प्रति विद्यार्थी खर्चको कारणले पनि शैक्षिक उपलब्धिमा प्रभाव पर्न गएको देखिन्छ। त्यसका साथै विद्यालयको वाताबरण विद्यार्थीको पारिवारिक सामाजिक आर्थिक अवस्था, सिकाईको वाताबरण आदि जस्ता पक्षले विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाब पारेको हुन्छ भन्ने कुरा अध्ययनबाट देखिन्छछ। माध्यमिक विद्यालयमा विद्यालयको समान औसत लागत भएपनि विद्यार्थी उर्त्तिण प्रतिशतमा केहि तलमाथि रहेको छ। जसलाई आर्थिक खर्च देखि बाहेकका तत्वहरुको प्रभाबको रुपमा हेरिन्छ।

# अध्याय -पाँच (CHAPTER FIVE)

## ५. सारांश, निश्कर्ष तथा सुझावहरु (Summary, Conclusion and Recomemendations)

## ५.१ सारांश(Summary)

यस अध्ययन सारांशमा अध्याय चारमा गरिएको तथ्याङ्क विश्लेषण र व्याख्या द्वारा प्रमाणित भएका निचोडहरुलाई भौतिक, शैक्षिक आर्थिक पक्ष र शैक्षिक उपलब्धिमा शैक्षिक खर्चको प्रवाह शिर्षकहरुमा विभाजन गरी उल्लेख गरिएको छ ।

**भौतिक पक्ष :-**

१. अध्ययन क्षेत्रका विद्यालयको भौतिक अवस्थाको अध्ययन गर्दा छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयको भवनहरुको अवस्था राम्रो देखिन्छ। सबै विद्यालयका भवनहरु पक्कि नै छन , तथापि कुनै पुराना भवन जिर्ण तथानियमित सरसफाईका साथै ब्यबस्थापकिय कमिले गर्दा त्यति ब्यबस्थित देखिदैन। सबै विद्यालयमा प्रयाप्त फर्निचरको ब्यबस्था भए पनि आधुनिक ढंगले पठनपाठन गराउन आधुनिक शैलिका फर्निचरको आवश्यकता देखिन्छ।

२. पुस्तकालयको ब्यबस्था सबै विद्यालयमा भएको भए पनि विद्यार्थीको प्रयोजन तथा प्रयाप्ततामा भने ब्यबस्था छैन। पुस्तकालयको उचित ब्यबस्थापनका ‍ अभाबले प्रयोग हुन नसकेको र प्रयाप्त पाठयसामाग्रीको पनि अभाब देखिन्छ।

३. तीन वटै सामुदायिक माध्यमिक विद्यालयहरुमा कम्पाउण्ड पक्कि गाह्रो लगाएर घेरिएको अवस्था छ। सामुदायिक विद्यालय मध्य एक विद्यालयमा प्रयाप्त खेल मैदान रहेको र अन्य दुईमा अलि सानो खेल मैदान रहेको देखिन्छ।सबै विद्यालयमा शौचालयको ब्यबस्था राम्रो देखिन्छ।

**शैक्षिक पक्ष:-**

१. अध्ययन क्षेत्रका विद्यालयको शैक्षिक अवस्थाको अध्ययन गर्दा छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात १:२५ रहेको देखिन्छ।

२. सामुदायिक विद्यालयमा तालिम प्राप्त शिक्षक ९६.४५ प्रतिशत रहेको अबस्था छ। सामुदायिक विद्यालयमा एक शिक्षक बराबर २५ जना विद्यार्थी देखिन्छ।

३. सामुदायीक माध्यमिक विद्यालयमा एस. एल. सी. परीक्षामा ६४.७३ प्रतिशत मात्र उत्तिर्ण भएका छन भने ३५.२७प्रतिशत अनुत्तिर्ण भएका छन।

**आर्थिक पक्षः-**

१. सामुदायिक माध्यमिक विद्यालयको प्रमुख आय स्रोतका रुपमा सरकारी अनुदान रहेको देखिन्छ। सरकारी अनुदान करिब ७८.६५ प्रतिशत देखिन्छ। भने अन्य आम्दानीका स्रोतहरुमा स्थानिय निकायबाट १.७८ प्रतिशत, गैर सरकारी संस्थाबाट १.२० प्रतिशत, अभिभावक विद्यार्थीबाट ६.३५ प्रतिशत, विद्यालयको आफनै स्रोतबाट ०.९४ प्रतिशतर अन्य स्रोतबाट ०.८३ रहेको देखिन्छ।

२. सामुदायिक माध्यमिक विद्यालयमा ठुलो हिस्सा शिक्षक तलब भत्तामा भएको देखिन्छ। जसमा७७ प्रतिशत शिक्षक कर्मचारीको तलब भत्तामा खर्च भएको छ। त्यस्तै गरी मसलन्द, शैक्षिक सामाग्री, निमार्ण तथा मर्मत,विद्युत, पानी, खेलकुद, परीक्षा भत्ता, छात्रवृति पुरस्कार तथा अन्य शिर्षकमा कमश ०.६३, ९.८, ०.२६, ०.३४, १.८३, २.३० र अन्य विविधमा ७.५६ खर्च भएको देखिएको छ।सामुदायिक विद्यालयहरु सरकारी वा समुदाय स्वामित्वमा हुने भएको कारण सरकारी नीति अनुरुप आवश्यकता भन्दा बढी शुल्क लिन नपाउने ब्यबस्थाको कारण सरकारी शिक्षक दरबन्दि कमी भएको ठाउमा नीजि स्रोतबाट प्राप्त आयलाई शिक्षक कर्मचारी तलबको रुपमा नै खर्च गर्नुपर्ने हुदा विद्यालयका अन्य रचनात्मक र शैक्षिक गुणस्तर कायम गराउन सहयोग गर्ने क्षेत्रहरुमा गरिने खर्चको मात्रा कम भएको कारण राम्रो गुणस्तर कायम गर्न नसकिएको कुरा अध्ययनमा देखिन्छ।

३. सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय शुल्कसंग सम्बन्धित औसत रु ९७० रहेको छ। विद्यालय शुल्कसंग असम्बन्धित खर्च रु १०१५७ रहेको छ। यस अध्ययनमा अभिभाबकबाट गरिएको शैक्षिक बार्षिक खर्च सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको विद्यालय शुल्कसंग असम्बन्धित खर्चको मात्रा बढी छ।

## शैक्षिक उपलब्धिमा शैक्षिक खर्चको प्रभाव

१. सामुदायिक माध्यमिक विद्यालयको प्रति विद्यार्थी खर्चरु ३९५३ र शुल्कसंग असम्बन्धित खर्च रु १०१५७.५ रहेको छ। जसमा प्रति विद्यार्थी जम्मा खर्च रु १४११० भएको छ। सामुदायिक माध्यमिक विद्यालय प्रति विद्यार्थी रु १४११० खर्च गर्दा एस. एल.सी परीक्षामा सामेल विद्यार्थीहरु मध्य ६४.७३ प्रतिशत अथवा २४६ जना उत्तिर्ण भएको देखिन्छ।

२. सामुदायिक माध्यमिक विद्यालयले कक्षा १० मा गरेको जम्मा खर्च विद्यालय नं १, २, ३ अनुसार क्रमश रु ४३०८७७, रु ५२१७९६, रु ५४९४६७ रहेको छ भने त्यसको परिणाम स्वरुप एस.एल.सी.परीक्षामा विद्यालय नं १,२,३ बाट १००, १०४, ४२ जना विद्यार्थी उत्रिर्ण भएका छन। यसबाट शैक्षिक उपलब्धिका आधारमा प्रति विद्यार्थी लागत बढन गएको देखिन्छ।

सामुदायिक माध्यमिक विद्यालयमा विद्यालयको लागत औसत समान भएपनि विद्यार्थी उत्तिर्ण प्रतिशतमा केहि तलमाथि देखिएपनि जसलाई आर्थिक खर्चदेखि बाहेकका तत्वहरुको प्रभाको रुपमा देखिन्छ।

## ५.२ निष्कर्ष (Conclusion)

१. अध्ययन क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयको भौतिक पक्ष समग्रमा विद्यालय भवन, खेलमैदान, शौचालय आदिको ब्यबस्था भएपनि त्यसको उचित ब्यबस्थापनमा भने केहि ध्यान नदिएको देखिन्छ।

२. पुस्तकालयको ब्यबस्था सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा भएको भएता पनि विद्यार्थीको पहुच, प्रयोजन र प्रयाप्ततामा भने नभएको देखियो। पुस्तकालयको प्रयोग उचित ब्यबस्थापनको अभावले हुन नसकेको र प्रयाप्त पाठ्यसामाग्रीको पनि अभाव रहेको देखिन्छ। अध्ययन क्षेत्रमा प्रयोगशाला रहेका सवैविद्यालयमा त्यसको उचित प्रयोग र ब्यबस्थापन नभएको अवस्था छ।

३. अध्ययन क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात १:२५ रहेको छ।

४. सामुदायिक माध्यमिक विद्यालयबाट एस.एल.सी. परीक्षामा औसत ६४.७४ प्रतिशत उत्तिर्ण भएको देखिन्छ।

५.सामुदायिक माध्यमिक विद्यालयमा तालिम प्राप्त शिक्षक ९४ प्रतिशत रहेको पाईन्छ।

६. सामुदायिक माध्यमिक विद्यालयमा सरकारी अनुदानको प्रतिशत ७८ रहेको देखिन्छ भने अन्य आम्दानीको स्रोतहरुको योगदान २१.८७ रहेको देखिखन्छ।

७. सामुदायिक माध्यमिक विद्यालयमा कबि ७७ प्रतिशत रकम शिक्षक तलब भत्तामा खर्च भएको देखिन्छ। भने अन्य शिर्षकमा करिब २३ प्रतिशत रकम मात्र खर्च भएको देखिएको छ। सामुदायिक माध्यमिक विद्यालयहरुमा प्रयाप्त शिक्षक

दरबन्दिको कमि भएको ठाउमा नीजि स्रोतबाट शिक्षकहरु राख्दा विद्यालयको आफनोस्रोतबाट प्राप्त आयलाई शिक्षक तथा कर्मचारी तलबको रुपमा नै खर्च गर्नु पर्ने हुदा विद्यालयका अन्य रचनात्मक र शैक्षिक गुणस्तर कायम गराउन सहयोग गर्ने क्षेत्रमा गरिने खर्चकोमात्रा कम भएको कारण राम्रो गुणस्तरर कायम गर्न नसकिएको कुरा अध्ययनमा देखिन्छ।

८. सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय शुल्कसंग सम्बन्धित औसत खर्च रु ९७० र विद्यालय शुल्क संग असम्बन्धित खर्च रु १०१५७ रहेको छ। त्यस्तै प्रति विद्यार्थी औसत बार्षिक खर्च ३९५३ रहेको छ।

९. सामुदायिक माध्यमिक विद्यालयको प्रति विद्यार्थी खर्च र शुल्क संग असम्बन्धित खर्च गरि प्रति विद्यार्थी करिब १४११० खर्च गर्दा एस.एल.सी. परीक्षामा सामेल विद्यार्थी मध्ये ६४.७३ प्रतिशत उत्तिर्ण भएका् देखिन्छ।।

१०. सामुदायिक माध्यमिक विद्यालयले कक्षा १० मा गरेका जम्मा औसत खर्च ५००७१३ देखिन्छ।

## ५.३ सुझाबहरु (Recommendations)

१. सामुदायिक माध्यमिक विद्यालयको ब्यबस्थित भौतिक सुविधाहरु बृद्दि गर्न आधुनिक प्रविधियुक्त विद्यालय भवननको निर्माण, खेलमैदान तथा शौचालयको ब्यबस्थापन र सरसफाईका साथै खेलकुदका सामाग्रीहरुको ब्यबस्था र उचित प्रयोगमा ध्यान दिनुपर्ने देखिन्छ।

२. पुस्तकालय विद्यार्थीको पहुच, प्रयोजन र प्रयाप्ततामा पु-याउनको लागी आवश्यक फर्निचरको ब्यबस्था, पाठ्यपुस्तकको मात्रामा बृद्दि, छुट्टै पुस्तकालय भवन वा कोठाको ब्यबस्था र कर्मचारीको ब्यबस्था गनुपर्ने देखिन्छ। साथै विज्ञान प्रया्ग सामाग्री र प्रयोगशालाको पनि ब्यबस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ।

३. सामुदायिक माध्यमिक विद्यालय विद्यार्थी शिक्षक अनुपात बढि भएर मात्रै शैक्षिक गुणस्तर सुधार गर्न सकिदैन, त्यसकारण विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुको गुणस्तर र शिक्षकहरुको इमान्दारिता आदि जस्ता कुरा पनि महत्वपुर्ण हुन्छन।  विषेश गरि सामुदायिक विद्यालयका शिक्षकहरुमा पेशा प्रतिको इमान्दारीता कायम गर्न जरुरी छ।

४. सामुदायिक माध्यमिक विद्यालयमा ठुलो मात्रामा तालिम प्राप्त शिक्षक शिक्षिकाहरु छन तथापी शैक्षिक गुणस्तर भने कायम हुन सकेको छैन, त्यसैले नया

परिवर्तित परिस्थीती र वातावरण अनुकुल आफुले लिईएको तालिमलाई ब्यबहारिक प्रयोग सहित शिक्षण गर्नपर्ने देखिन्छ। जसको लागि सीमित स्रोत र साधनको कारण कठिनाई उत्पन्न भएको देखिन्छछ।। आवश्यक शैक्षिक सामाग्रीको ब्यबस्थापन र प्रयोगको लागि स्थानिय स्तरमा आर्थिक सहायता जुटाउने साथै राज्यले पनि आर्थिक सहायता बृद्दि गनुपर्ने देखिन्छ।

५. सामुदायिक माध्यमिक विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्ने कुरामा विद्यालय शिक्षक संगसंगै अभिभावकको चासो आफना छोराछारी प्रति बढि हुनुपर्ने देखिन्छ। साथै विज्ञान र प्रविधिको यो २१ औ शताब्दिमा सबै विद्यालयमा क्म्प्युटर शिक्षालाई ब्यबस्थित बनाउनु पर्ने र आधुनिक शैक्षिक सामाग्रीको प्रयोग बढाउनु पर्ने जरुरी देखिन्छ।

६.सन्तोषजनक शैक्षिक उपलब्धि हासिल गर्न विद्यालयहरुममा शिक्षक,, विद्यार्थी र अभिभावकहरुमा जिम्मेवारी वोध, इमान्दारीता तथा विद्यालय प्रति अपनत्व विकास गर्दै शैक्षिक गुणस्तर बृद्दिमा लाग्नु पर्ने देखिन्छ।

७. विद्यालयमा सरकारी अनुदान र विद्यार्थीबाट लिईने शुल्क मात्र शैक्षिक सम्पुर्ण सरोकारवाला निकायको विद्यालय सहयोगका लागि पाईला बढाउनु पर्ने देखिन्छ।

८. विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्नको लागि प्रयाप्त शिक्षक दरबन्दिको आवश्यकता देखिएको छ। जसको लागि शिक्षक दरबन्दि भएको विद्यालयहरुमा राज्यले प्रयाप्त शिक्षक दरबन्दि दिनु पर्ने देखिन्छ।

९. राज्यले माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क र अनिवार्य गरिरसकेको अवस्थमा सम्पुर्ण विद्यालयलाई राज्यले नियन्त्रणमा राखि गुणस्तर बृद्दिमा कडाईका साथ लागेर सामुदायिक विद्यालयलाई सम्पुर्ण विद्यार्थीको आर्कषक स्थल बनाउनु पर्ने देखिन्छ। जसले गर्दा शिक्षामा देखिएको व्यापारीकरण तथा हुनेखाने तथा हुदा खाने वर्ग विचको शैक्षिक असमान दरमा कमि आउने छ।

१०. सबै सामुदायिक विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयमा तललो कक्षा देखिको पढाईको आधार कमजोर भएको कारण माध्यमिक तहमा उनिहरुलाई राम्रो संग पढाएको विषयबस्तु बुझ्न कठिनाई भएको पाईन्छ। यसका साथै विद्यार्थीमा अभ्यासमा कमि, उपयुत्त शैक्षिक सामाग्रीको अभाब, शिक्षक विद्यार्थीको नियमितताको अभाब, विद्यार्थीमा अनुशासनको कमी, विद्यार्थीमा प्रतिश्पर्धात्मक भावनाको कमि शिक्षकलाई दण्ड र पुरस्कारको ब्यबस्था नहुनु, विद्यालय निरिक्षक र स्रोत ब्यक्तिबाट विद्यालयको नियमित निरिक्षण र अनुगमन नहुनु जस्ता समस्याले गर्दा सामुदायिक विद्यालयको आर्कषण घट्न गएको अवस्थामा यी समस्यालाई समाधान गरी पुर्व प्राथमिक तह देखि अंग्रेजी माध्यमबाट पठनपाठनको ब्यबस्था मिलाउनुपर्ने आवश्यकता भईसकेको छ।

## सन्दर्भ सामाग्री

अधिकारी, विष्णु प्रसाद (२०६७),*शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,*

बागबजार काठमाडौ : आशिषबुक्स हाउस प्रा. लि.

कोइराला, उपेन्द्रकुमार (२०६५) *गुणस्तरीय शिक्षाका लागी विद्यालयको ाष्ट्रियकरण की साझेदारीकरण* : लेख, कीर्तिपुर काठमाडौ : शैक्षिक योजना तथा ब्यबस्थापन समाज नेपाल

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर काठमाडौः सनलाईट

पब्लिकेसन

शर्मा, गोपिनाथ (२०४३),*नेपालको शैक्षिक इतिहास,* भोटाहिटी, काठमाडौः एम के

पब्लिसर्श एण्ड डिष्ट्रिब्युटस

शर्मा, चिरञ्जिवि र शर्मा, निर्मला (२०६४), *शिक्षाका आधारहरु,* भोटाहिटी,

काठमाडौः एम के पब्लिसर्श एण्ड डिष्ट्रिब्युटस

रिमाल, ददिराम (२०७१), *सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको आर्थिक*

*लगानी र शैक्षिक उपलब्धि तुलनात्मक अध्ययनः वुधबारे गा. वि. स. ,झापा,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. शिक्षा शास्त्र संकाय, कीर्तिपुर

सुबेदी, दीपा (२०६२) पाठ्यक्रम र यसका चुनौतिहरु, समाधान राष्ट्यि दैनिक पत्रिका

नेपाल, जनार्दन (२०६४) *नेपालको शिक्षा प्रणली : चुनौती र सम्भावना,* हाइडल

प्रेस प्रा. लि. डिल्लिबजार, काठमाडौ

शर्मा पौडेल, जीवन (२०६६) *उदार कक्षोन्नति, सम्भावना, चुनौती र निरन्तर विद्यार्थी मुल्याङ्कन प्रकिया,* लेख, शैक्षिक सुचना संगालो, शिक्षा विभाग

सुबेदी, दीपा (२०६४) नेपालमा शिक्षाको परम्परा र विकास, समाधान राष्ट्यि दैनिक पत्रिका

लम्साल, हरिप्रसाद (२०६७) *विद्यालय शिक्षामा गरिएको लगानीको प्रभावकारी*

*व्यबस्थापनका उपायहरु*, लेख, कर्मचारी कलम, नेपाल निजामतिकर्मचारी संगठन, शिक्षा मन्त्रालय

सिन्हा, रामस्वरुप (२०६४) *गुणवत्ता शिक्षा*(Quality Education), लेख,

शैक्षिक स्मारिका, शिक्षा विभाग

सुबेदी, दीपा (२०६३) शिक्षामा लाकतान्त्रिकरणको आवश्यकता, समाधान राष्ट्रिय दैनिक पत्रिका

सुबेदी, रामचन्द्र (२०६८) ढिकुरपोखरी शैक्षिक स्मारिका

विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६४), शिक्षा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार

आर्थिक सर्वेक्षण २०६७/६८, अर्थ मन्त्रालय, नेपाल सरकार

विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६६–२०७२ (२०६६), शिक्षा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार

सबैका लागि शिक्षा २००४–२००९ (२००३), शिक्षा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार

## अनुसुची एक

विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम

:..............

| जिल्ला | गा.वि.स. | वडा नं | गाउँ |
|---|---|---|---|
| .......................... | ........................ | .........................<br>. | ............................<br>. |

विद्यालयको स्थापना मिति :

.........................................

प्रधानाध्यापकको नाम :

.............................................

मिति :

...............................................................

..

१) यस विद्यालयको गत ३ वर्ष देखि हाल सम्मको विद्यार्थीसंस्था उल्लेख गर्नुहोस् ।

| साल | २०६८ | | | २०६९ | | | २०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तह | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| प्रा.वि. | | | | | | | | | |
| नि.मा.वि. | | | | | | | | | |
| मा.वि. | | | | | | | | | |

२) हाल यस विद्यालयको माध्यमिक तहको कुन कुन कक्षामा के कति सेक्सन विभाजन गरि कक्षा संचालन गर्नुभएको छ ?

| कक्षा | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|
| सेक्सन | | | | | |

| संस्था | | | | | |
|---|---|---|---|---|---|

३) यस माध्यमिक विद्यालयमा अध्ययापन गर्नुहुने शिक्षक, शिक्षिकाको संस्था र योग्यता बारे विवरण दिनुहोस् ।

| **योग्यता** | **शिक्षक** | **शिक्षिका** | **जम्मा** | **तलिम प्राप्त** | | |
|---|---|---|---|---|---|---|
| एम एड/एम ए | | | | शिक्षक | शिक्षिका | जम्मा |
| वि. एड/वि.ए | | | | | | |
| आइ.एड/आइ.ए | | | | | | |
| **जम्मा** | | | | | | |

४) यस विद्यालयमा भएका शिक्षक/शिक्षिका वाहेक अन्य कर्मचारी विवरण दिनुहोस् ,

- प्रशासनमा ............................................ जना
- लेखा ............................................ जना
- परिचर ............................................ जना
- जम्मा ............................................ जना

५) यस विद्यालयको गत ३ वर्ष देखि हाल सम्मको एस.एल.सी परिक्षा नतिजा उल्लेख गर ।

| **साल** | **२०६८** | | | **२०६९** | | | **२०७०** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **विवरण** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** |
| एस.एल.सी परीक्षामा समावेश | | | | | | | | | |
| नियमितबाट उर्त्तिण हुने | | | | | | | | | |
| आंशिकबाट उर्त्तिण हुने | | | | | | | | | |

६) यस माध्यमिक विद्यालयको गत ३ वर्ष देखिको वार्षिक आम्दानी विवरण दिनुहोस् ।

| **साल** | **२०६८** | | **२०६९** | | **२०७०** | |
|---|---|---|---|---|---|---|
| **शिर्षक** | **जम्मा रकम** | **माध्यमिक तहमा मात्र** | **जम्मा रकम** | **माध्यमीक तहमा मात्र** | **जम्मा रकम** | **माध्यमीक तहमा मात्र** |
| सरकारी अनुदान | | | | | | |
| स्थानीय निकाय | | | | | | |
| अभिभावक/विद्यार्थी | | | | | | |
| विद्यालयको आफ्नो स्रोत | | | | | | |
| गैर सरकारी संस्था | | | | | | |
| गत वर्षको बैंक मौज्दात | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

७)यस मा.विको गत ३ वर्ष देखि हालसम्मको वार्षिक खर्चको विवरण

| **साल** | **२०६८** | | **२०६९** | | **२०७०** | |
|---|---|---|---|---|---|---|
| **शिर्षक स्रोत** | **जम्मा खर्च** | **माध्यमिक तहमा मात्र** | **जम्मा खर्च** | **माध्यमिक तहमा मात्र** | **जम्मा खर्च** | **माध्यमिक तहमा मात्र** |
| शिक्षक तलव भत्ता | | | | | | |
| कर्मचारी तलब भत्ता | | | | | | |
| मसलन्द खर्च | | | | | | |
| शैक्षिक सामग्री | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| निर्माण र मर्मत | | | | | | |
| पूस्तकालय | | | | | | |
| परीक्षा भत्ता | | | | | | |
| खेलकुद | | | | | | |
| फोन | | | | | | |
| छात्रवृत्ति | | | | | | |
| जम्मा | | | | | | |

**८**) यस विद्यालयले एक जना विद्यार्थीबाट कुन कुन शिर्षकमा के कति शुल्क उठाइ रहेको अवस्था छ ? उल्लेख गनुहोस् ।

| **शूल्कको शिर्षक** | **२०६८** | | **२०६९** | | **२०७०** | |
|---|---|---|---|---|---|---|
| | **कक्षा ९** | **कक्षा १०** | **कक्षा १०** | **कक्षा १०** | **कक्षा १०** | **कक्षा १०** |
| भर्ना शूलक | | | | | | |
| मासिक पढाइ शूलक | | | | | | |
| विद्यालय सहयोग शूलक | | | | | | |
| परिक्षा शुलक | | | | | | |
| पुस्तकालय शुल्क | | | | | | |
| खेलकुद शुल्क | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

९) गत ३ वर्ष देखिको रेकर्ड अनुसार छात्रवृत्ति पाउने विद्यालयहरू शैक्षिक स्थिति बारे उल्लेख गर ।

| **साल** | **२०६८** | | | **२०६९** | | | **२०७०** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** |
| उत्तिर्ण हुने | | | | | | | | | |
| कक्षा दोहो-याउने | | | | | | | | | |
| विद्यालय छोड्ने | | | | | | | | | |
| छात्रवृत्ति पाउने | | | | | | | | | |

# अनुसुची दुई

विद्यालय अवलोकन फारम

विद्यालयको नाम : ……………………………………

ठेगाना : ……………………………………………….

१) विद्यालयमा भएका जम्मा भवनको संस्था कति छ ?

→

→

२) विद्यालयमा भएका जम्मा कोठा संस्थाहरू कुन कुन प्रयोजनमा लागि कति कति छन् ?

→

→

३)कक्षाकोठाको पर्याप्तता कस्तो छ ?

→

→

४)शैक्षिक सामग्रीको सुरक्षा तथा व्यवस्थापन पक्ष कस्तो छ ?

→

→

५)विद्यालयमा पुस्तकालयको व्यवस्था कस्तो छ ?

→

६)यदि पुस्तकालयको व्यवस्था छ भने कसको लागि प्रयोग गरिएको छ ?

→

→

७) विद्यालयको कम्पाउण घेरिएको छ कि छैन ?

→

८) विद्यालयमा पिउने पानीको व्यवस्था छ कि छैन ?

→

→

९) यदि छैनभने के को व्यवस्था गरिएको छ ?

→

→

१०) विद्यालयमा शैचालयको व्यवस्था कस्तो छ ?

→

→

११) के विद्यालय सँग आम्दानी दिने खालको जमिन छ ?

→

→

१२) विद्यालयमा पर्याप्त शिक्षक दरबन्दि छ ?

→

→

## अनुसुची तीन

### प्रधानाध्यापकलाई प्रश्नावली

विद्यालयको नाम :

ठेगाना :

प्रधानध्यापकको नाम :

योग्यता :

१) प्राप्त आम्दानी विद्यालयका लागि पर्याप्त छ ?

→
→

२) विद्यालयको प्रमुख आम्दानीको स्रोत के हो ?

→
→

३) विद्यालयको आम्दानी र खर्चको स्थिति कस्ता छ ?

→
→

४) तपाइको विद्यालयले माध्यमिक तहमा गरेको खर्च प्रयाप्त छ ?

→
→

५) के तपाइ आफ्नो विद्यालयको माध्यमिक तहको नतिजा प्रति सन्तुष्ट हुनुहुन्छ ?

→
→

६) के तपाइ आफ्नो विद्यालयको एस.एल.सी परिणाम प्रति सन्तुष्ट हुनुहुन्छ ?

→
→

७) यदि सन्तुष्ट हुनुहुन्न भने के गर्नु पर्ला ?

→
→

८) के विद्यालयको आर्थिक अवस्थाको प्रभाव शैक्षिक उपलव्धीमा के कस्तो परेको हुन्छ ?

→
→

९) के शैक्षिक उपलव्धी विद्यालयले गर्ने खर्चमा निर्भर गर्दछ ?

→
→

१०) तपाइको विद्यालयको भौतिक सुविधाको अवस्था कस्तो छ ?

→
→

११) तपाइको विद्यालका खास समस्याहरू के के हुन् ?

→
→

१२) ती समस्या समाधनका लागि के कस्ता प्रकृया अपनाउनु पर्ला ?

→
→

१३) प्रति विद्यार्थी एकाइ लागत माध्यमीक तहमा कति रहेको छ ?

→
→

१४) सामुदायीक विद्यालयको गुणस्तर सुधार गर्नका लागि के गर्नु पर्ला ?

→
→

## अनुसुची चार

### विद्यार्थीलाई प्रश्नावली

विद्यालयको नाम :

ठेगाना :

विद्यार्थीको नाम :

कक्षा :

१) विद्यालयको पढाइ कस्तो छ ?

→
→

२) पढाइमा आर्थिक पक्षले कस्तो प्रभाव पारेको हुन्छ ?

→
→

३) परिवारले आवश्यक पाठ्य सामग्री किन्नको लागि पैँसा कतिको सहज ढँगले उपलव्ध गराएको छ ?

→
→

४) विद्यालयमा पढाइको वातावरण कस्तो छ ?

→
→

५) अहिले अध्ययन गरिरहेको पाठ्यक्रम कस्तो छ ?

→
→

६) विद्यालयको पढाई प्रति कति सन्तुष्ट हुनुहुन्छ ?

→
→

७) के विद्यालयको आर्थिक अवस्थाको प्रभाव शैक्षिक उपलब्धिमा के कस्तो परेको हुन्छ ?

→
→

८) विद्यालयमा पढाइको अलावा रचनात्मक क्रियाकलाप कति कति हुने गरेको छ ?

→
→

९) लाइब्रेरीको व्यवस्था कस्तो छ ?

→
→

१०) तपाइको विद्यालयका खास समस्याहरू के के हुन् ?

→
→

११) ती समस्या समाधानका लागि के कस्ता प्रकृया अपनाउनु पर्ला ?

→
→

१२) सामुदायीक विद्यालयको माध्यमीक तहमा प्रति विद्यार्थी लागत कति होला जस्तो लाग्छ ?

→
→

१३) सामुदायीक विद्यालयको गुणस्तर सुधार गर्नको लागि के गर्नुपर्ला ?

→
→

## अनुसुची पाँच

### अभिभावक प्रश्नावली

अभिभावकको नाम :

ठेगाना : पेशा :

शिक्षा : परिवार संख्या :

छोरा : छोरी :

१)	तपाइका कति जना छोरा छोरी माध्यमिक विद्यालयमा पढ्छन् ?

→

→

२)	तपाइले आफ्ना छोरा छोरीलाई पठाउनको लागि सजिलै फि (शुल्क) तिर्न सक्नुहुन्छ ?

→

→

३)	तपाइको मुख्य आम्दानीको स्रोत के के हो ?

→

→

४)	तपाइको विचारमा माध्यमिक विद्यालयको शुल्क कस्तो हुनुपर्दछ ?

→

→

५)	तपाइले छोरा छोरी पढाउढा गरेको खर्च राम्रो शैक्षिक उपलब्धी प्राप्त गर्न पर्याप्त छ कि छैन ?

→

→

६)	तपाइका छोरा छोरी गत शैक्षिक वर्ष २०७० मा छात्रवृत्ति पाए वा पाएनन् ?

→

→

७)	यढी पाएको भए वार्षिक कति रूपैया पाएका थिए ?

→

→

८)	छात्रवृत्तिमा पाएको रकम के मा खर्च गर्नुभयो ?

→

→

९) तपाइको परिवारको वार्षिक आम्दानीको विवरण उल्लेख गर्नुहुन्छ ?

| क.स. | आम्दानी स्रोत | २०६८ | २०६९ | २०७० |
|---|---|---|---|---|
| १ | कृषि | | | |
| २ | व्यापार | | | |
| ३ | तलव/ज्याला<br>(वैदेशिक आय) | | | |
| ४ | औद्योगिक आय | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | घर भाडा | | | |
| ६ | पेन्सन | | | |
| ७ | अन्य | | | |
| | जम्मा | | | |

**१०**) वार्षिक आय मध्ये तपाइको छोरा/छोरीमा गत ३ वर्षमा गरिएको शैक्षिक खर्च दिनुहोस् ।

| **क्र.स.** | **विवरण** | **कक्षा २०६८** | **कक्षा २०६९** | **कक्षा २०७०** |
|---|---|---|---|---|
| १ | भर्ना शुल्क | | | |
| २ | मसिक पढाइ शुल्क | | | |
| ३ | परीक्षा शुल्क | | | |
| ४ | विद्यालय सहयोग शुल्क | | | |
| ५ | परिचयपत्र शुल्क | | | |
| ६ | खेलकुद शुल्क | | | |
| ७ | अन्य | | | |

**११**) विद्यालयमा नतिरेको शुल्कसंग (फि) सम्बन्धित खर्च ।

| **क्र.स.** | **विवरण** | **कक्षा २०६८** | **कक्षा २०६९** | **कक्षा २०७०** |
|---|---|---|---|---|
| १ | यातायात खर्च | | | |
| २ | खजा खर्च | | | |
| ३ | पोशाक खर्च | | | |
| ४ | स्टेशनरी खर्च | | | |
| ५ | ट्युसन खर्च | | | |
| ६ | अन्य | | | |
| | जम्मा | | | |

## अनुसुची छ

छनौटमा परेका कास्की जिल्ला  ढिकुरपोखरी गा. वि . स. का सामुदायिक माध्यमिक विद्यालयमा रहेका विद्यार्थी शिक्षक औसत संख्या

शैक्षिक सत्र २०६८ - २०७०

| बिद्यालय | विद्यार्थी संख्या | | | | शिक्षक शिक्षिका संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मा. वि. ०६८ | मा. वि. ०६९ | मा. वि. ०७० | जम्मा | मा. वि. ०६८ | मा. वि. ०६९ | मा. वि. ०७० | जम्मा |
| श्री सिर्जना मा. वि | | | | | | | | |
| श्रीमाछापुच्छे मा. वि. | | | | | | | | |
| श्री धारापानी मा. वि. | | | | | | | | |

श्री सिर्जना माध्यमिक विद्यालयको एस. एल..सी. परीक्षाको परिणाम

शैक्षिक सत्र २०६८ - २०७०

| बर्ष | सामेल संख्या | | | नियमित उत्रिर्ण | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०६८ | | | | | | |
| २०६९ | | | | | | |
| २०७० | | | | | | |

श्री माछापुच्छे माध्यमिक विद्यालयको एस. एल..सी. परीक्षाको परिणाम

शैक्षिक सत्र २०६८ - २०७०

| बर्ष | सामेल संख्या | | | नियमित उत्रिर्ण | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०६८ | | | | | | |
| २०६९ | | | | | | |
| २०७० | | | | | | |

श्री धारापानी माध्यमिक विद्यालयको एस. एल..सी. परीक्षाको परिणाम

शैक्षिक सत्र २०६८ - २०७०

| बर्ष | सामेल संख्या | | | नियमित उत्रिर्ण | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०६८ | | | | | | |
| २०६९ | | | | | | |
| २०७० | | | | | | |

## अनुसुची सात

छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयको बार्षिक आम्दानी र आम्दानीका स्रोतहरु

आर्थिक बर्ष २०६८/२०६९

| सामुदायिक विद्यालयको नाम | सरकारी अनुदान | स्थानिय निकाय | अभिभावक/विद्यार्थी | बिद्यालयको आफनै स्रोत | गैर सरकारी संस्था | गत बर्षको बैक मौज्दात | अन्य | जम्मा आय |
|---|---|---|---|---|---|---|---|---|
| श्री सिर्जना मा. वि | | | | | | | | |
| श्री माछापुच्छे मा. वि. | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| श्री धारापानी मा. वि. | | | | | | | | |

आर्थिक बर्ष २०६९/२०७०

| सामुदायिक विद्यालयको नाम | सरकारी अनुदान | स्थानिय निकाय | अभिभावक/विद्यार्थी | बिद्यालयको आफनै स्रोत | गैर सरकारी संस्था | गत बर्षको बैक मौज्दात | अन्य | जम्मा आय |
|---|---|---|---|---|---|---|---|---|
| श्री सिर्जना मा. वि | | | | | | | | |
| श्री माछापुच्छे मा. वि. | | | | | | | | |
| श्री धारापानी मा. वि. | | | | | | | | |

आर्थिक बर्ष २०७०/२०७१

| सामुदायिक विद्यालयको नाम | सरकारी अनुदान | स्थानिय निकाय | अभिभावक/विद्यार्थी | बिद्यालयको आफनै स्रोत | गैर सरकारी संस्था | गत बर्षको बैक मौज्दात | अन्य | जम्मा आय |
|---|---|---|---|---|---|---|---|---|
| श्री सिर्जना मा. वि | | | | | | | | |
| श्री | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| माछापुच्छे मा. वि. | | | | | | | | | |
| श्री धारापानी मा. वि. | | | | | | | | | |

## अनुसुची आठ

सामुदायिक माध्यमिक विद्यालयको बार्षिक खर्च र खर्चका स्रोतहरु

आर्थिक बर्ष २०६८/२०६९

| सामुदायिक विद्यालयको नाम | शिक्षक तलब भत्ता | कर्मचारी तलब भत्ता | मसलन्द | शैक्षिक सामाग्री | निमार्ण/मर्मत | परीक्षा भत्ता | छात्रवृति/पुरस्कार | टेलिफोन | खेलकुद | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री सिर्जना मा. वि | | | | | | | | | | |
| श्री माछापुच्छे मा. वि. | | | | | | | | | | |
| श्री धारापानी मा. वि. | | | | | | | | | | |

आर्थिक बर्ष २०६९/२०७०

| सामुदायिक विद्यालय | शिक्षक तल | कर्मचारी तलब | मसलन्द | शैक्षिक सामा | निमार्ण/मर्मत | परीक्षा | छात्रवृति/पुरस्कार | टेलिफोन | खेलकुद | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| को नाम | ब भत्ता | भत्ता | | ग्री | | भत्ता | | | | |
| श्री सिर्जना मा. वि | | | | | | | | | | |
| श्री माछापुच्छे मा. वि. | | | | | | | | | | |
| श्री धारापानी मा. वि. | | | | | | | | | | |

आर्थिक बर्ष २०७०/२०७१

| सामुदायिक विद्यालय को नाम | शिक्षक तलब भत्ता | कर्मचारी तलब भत्ता | मसलन्द | शैक्षिक सामाग्री | निमार्ण/मर्मत | परीक्षा भत्ता | छात्रवृति/पुरस्कार | टेलिफोन | खेलकुद | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री सिर्जना मा. वि | | | | | | | | | | |
| श्री माछापुच्छे मा. वि. | | | | | | | | | | |
| श्री धारापानी मा. वि. | | | | | | | | | | |

## अनुसुची नौ

छनौट गरिएका सामुदायिक विद्यालयहरुमा अभिबाबकहरुले गरेको शुल्क संग संम्वन्धित प्रति बिद्यार्थी औसत खर्च

आर्थिक बर्ष २०६८/२०७०

| सामुदायिक विद्यालयको नाम | २०६८ | | | २०६९ | | | २०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा ९ | कक्षा १० | जम्मा | कक्षा ९ | कक्षा १० | जम्मा | कक्षा ९ | कक्षा १० | जम्मा |
| श्री सिर्जना मा. वि | | | | | | | | | |
| श्री माछापुच्छे मा. वि. | | | | | | | | | |
| श्री धारापानी मा. वि. | | | | | | | | | |

## अनुसुची दस

छनौट गरिएका सामुदायिक विद्यालयहरुमा अभिबाबकहरुले गरेको शुल्क संग असंम्वन्धित प्रति बिद्यार्थी औसत खर्च

आर्थिक बर्ष २०६८/२०७०

| सामुदायिक विद्यालयको नाम | २०६८ | | | २०६९ | | | २०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा ९ | कक्षा १० | जम्मा | कक्षा ९ | कक्षा १० | जम्मा | कक्षा ९ | कक्षा १० | जम्मा |
| श्री सिर्जना मा. वि | | | | | | | | | |
| श्री माछापुच्छे मा. वि. | | | | | | | | | |
| श्री धारापानी मा. वि. | | | | | | | | | |